# अध्याय - एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

व्यक्ति विशेषले खास विषयमा आफैसँग एक्लै गरेको कुराकानी वा अभिव्यक्ति नै मनोवाद हो । अर्थात् सोचाइहरूको शृङ्खलाबद्ध संयोजित रूपलाई मनोवाद भनिन्छ । अन्य साहित्यिक विधाहरूको तुलनामा मनोवाद विधा कम प्रचलित र केही मात्रामा मात्र अनुसन्धान भएको विधा हो । साहित्यका अन्य विधाको तुलनामा कम अनुसन्धान भएको मनोवाद लेखकको मनोदशाको फेटोग्राफिक रचना मान्न सकिन्छ । अन्य विधाका तुलनामा मनोवाद कम मात्रामा प्रख्यात रहेका आधारमा पनि कम मात्रामा अनुसन्धान र खोज हुनु स्वाभाविक मान्न सकिन्छ । यसै सन्दर्भमा प्रस्तुत शोध भने मनोवाद विधा अन्तर्गतको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।

सङ्कथनअन्तर्गत वाङ्मयका सबै पूर्ण भाषिक रुपहरु समेटिन्छन् । (न्यौपाने, २०७४ : २२) सङ्कथनका प्रारम्भिक अध्ययनहरूमा कुनै भाषाको कथ्य कथन घटनासँग सम्बन्धित सिङ्गा अभिव्यक्तिहरूमात्र सङ्कथन मानिदै आएको थियो । आजको आधुनिक अबधारणा अनुसार भने सम्प्रेषण कार्य भएका सबै भाषिक एकाइ, चाहे ती कथ्य हुन् या लेख्य दुवैको अध्ययन सङ्कथनको अध्ययन क्षेत्र अर्न्तगत पर्दछ । वक्ता र श्रोताको आमने सामनेको स्थितिमा मात्र सम्पन्न हुनसक्ने गफ, कुराकानी, गाली, ठट्यौली, कथाकथन, विवाद, छलफल, आज्ञा, निर्देशन, प्रश्नोत्तर, माफी मगाइ, सपथ, सान्त्वना, प्रशंसा आदि जस्ता मौखिक अभिव्यक्ति कथ्य सङ्कथन अन्तर्गत पर्दछन् भने पाठक सामुन्नेमा नरहेको अबस्थामा तयार गरिने कथा, कविता, निबन्ध, महाकाव्य, उपन्यास आदि कुनै पनि भाषाका लिखित स्वरूप लेख्य सङ्कथन अन्तर्गत पर्दछन् ।

सङ्कथन भाषाको सबैभन्दा माथिल्लो एकाइ मानिन्छ । यसमा सूचनाको सम्पूर्णता, सन्दर्भको पूर्णता, पाठको समष्टिरुप रहेकाले नै यसलाई एउटा पाठ समष्टिका रुपमा हेरिन्छ । ( न्यौपाने, २०७० : ६६) सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धन हुन् । सम्बद्धक बाह्य रुपमा प्रस्ट देखिने भाषिक पक्ष हुन् भने सम्बद्धन भनेको विविध परिवेशात्मक सन्दर्भबाट अनुभवित हुने र बुझिने अप्रत्यक्ष तर अनिवार्य तत्त्व हो । (पौडेल, २०६९ : २८) यी दुई आधारमा कुनै पनि पाठ, भनाइ वा लेखरचना कतिको अन्वितिपूर्ण र सम्प्रेषणीय छ भनी अध्ययन विश्लेषण गर्नु नै सङ्कथन विश्लेषण हो ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत सञ्चालित एम.एड्. दोस्रो वर्षको नेपा. शि. ५९८ को आवश्यकता पूर्तिका निम्ति तयार गरिएको हो । यस अध्ययनमा

प्रध्यपक डाक्टर टङ्कप्रसाद न्यौपानेलाई पात्रका रूपमा प्रस्तुत गरी मदनराज बरालद्वारा लिखित मनोवाद *सपरिवार छोराले देश छोडेको रातको* सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरूसम्बद्धक र सम्बद्धनका आधारमा विश्लेषण गरिएको छ । मनोवाद विधामानै सङ्कथन विश्लेषणको खडेरी परिरहेको अबस्थामा *सपरिवार छोराले देश छोडेको रात* शीर्षकमा पनि कोही कसैले अध्ययन नगरेको कारण यो अध्ययन अगाडि बढाइएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) '*सपरिवार छोराले देश छोडेको रात*' मनोवादमा के कस्ता सम्बद्धकहरूप्रयोग भएका छन् ?

ख) '*सपरिवार छोराले देश छोडेको रात*' मनोवादमा के कस्ता सम्बद्धनहरूप्रयोग भएका छन् ?

ग) उक्त मनोवादमा प्रयुक्त सम्बद्धक र सम्वद्धनहरूको उपयुक्तता के कस्तो छ ?

यिनै तीनवटा मुख्य शोध समस्यालाई लिएर प्रस्तुत अध्ययन कार्य समाधानतर्फ अघि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य तथा महत्त्व

प्रस्तुत मनोवादामा गरिने सङ्कथन विश्लेषणको अध्ययन सङ्कथन र यसका युक्तिहरूसम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन गर्ने वा सरोकार राख्ने जोकोहिलाई फलदायी र उपयोगी हुने देखिन्छ । भाषाको महत्त्वपूर्ण पाटोको रूपमा भूमिका खेल्ने सङ्कथन भाषा शिक्षणका क्षेत्रमा पनि अति आवश्यक छ । तसर्थ प्रस्तुत अध्ययनबाट सङकथनका क्षेत्रमा अध्ययन गर्न चाहने जो कोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रस्तुत शोधकार्यले सङ्कथनको सैद्धान्तिक आधार तयार गर्नुका साथै लेखक, समालोचक, नीति निर्माता, पाठ्यक्रम/पाठ्यपुस्तक निर्माता आदि सबैलाई सहयोग पुऱ्याउने हुँदा यस अध्ययनको औचित्य अझ प्रस्ट हुन्छ । भाषाविज्ञानको एक नवीन शाखाका रूपमा रहेको सङ्कथन विश्लेषणका क्षेत्रमा त्रिभुवन विश्वविद्यालयमा तुलनात्मक रूपमा कम अध्ययन भएको आवस्थामा यो अध्ययनको औचित्य टड्कारो रूपमा देखिन्छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) '*सपरिवार छोराले देश छोडेको रात*' मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु ।

ख) उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु ।

ग) मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता केलाउनु ।

**१.५ शोधको परिसीमा**

निम्नलिखित सीमाङ्कनमा बाँधिएर यो शोधकार्यलाई पूरा गरिएको छ :

क) प्रस्तुत शोध प्रा.डा. टङ्कप्रसाद न्यौपानेको अभिनन्दन ग्रन्थ सडकदेखि शिखरतिरमा समाविष्ट मदनराज बरालद्वारा लिखित *'सपरिवार छोराले देश छोडेको रात'* शीर्षक मनोवादको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोध *'सपरिवार छोराले देश छोडेको रात'* मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नमा मात्र केन्द्रित रहेको छ ।

ग) यस शोधले उक्त मनोवादको सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषणभन्दा बाहेक अन्य कुनै पनि आधारमा खोज र विश्लेषण गरिएको छैन ।

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

### २.१.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

सङ्कथन विश्लेषणका क्षेत्रमा विभिन्न विद्वानहरूका पुस्तक वा ग्रन्थमा उल्लेख गरिएका केही कुराहरूलाई यस सैद्धान्तिक साहित्यको पुनरावलोकन अन्तर्गत समेटिएको छ, जुन निम्नानुसार रहेका छन् :

अधिकारी (२०६५) द्वारा **सामाजिक र प्रायोगिक भाषाविज्ञान** नामक पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । यसमा सङ्कथनको सैद्धान्तिक रूप सङ्कथनमा अन्तर्निहित सम्बद्धक र सम्बद्धनको चर्चा गरिएको छ । साथै यसमा सम्बद्धकका प्रकारलाई पनि छुट्याइएको छ । साथै यसमा उनले सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक/विषय, कोड, परिवेश) का साथै उक्त पुस्तकमा भाषा शिक्षण सङ्कथनमा स्वभाविक रूपमा केन्द्रित रहन्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यसकारण उक्त पुस्तकलाई प्रस्तुत शोधको सहयोगी सामग्रीको रूपमा लिइएको छ ।

लम्साल र अन्य (२०६७) द्वारा **प्रायोगिक भाषाविज्ञान** भन्ने पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । यसमा मौखिक र लिखित भाषाका वाक्यले कसरी अनुच्छेद, संवाद अन्तर्वार्ता आदि बृहत सार्थक एकाइ निर्माण गर्दछन् भन्ने बारेमा उल्लेख गरिएको छ । साथै उक्त पुस्तकमा सम्बद्धक र सम्बद्धन, सङ्कथनका प्रकार (कथ्य र लेख्य), भाषा शिक्षणमा सङ्कथन विश्लेषणको उपयोगिता, सङकथन विश्लेषणका पद्धति (अधोगमन र उर्ध्वगमन) आदिको चर्चा गरिएको छ । तसर्थ उक्त पुस्तकले पनि प्रस्तुत शोधकार्यलाई सहयोग पुऱ्याएको छ ।

भण्डारी र अन्य (२०६७) द्वारा **सामान्य भाषाविज्ञान** नामक पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । जसमा सङ्कथनलाई भाषिक एकाइको उच्चतम रूप मानिएको छ । यसमा सङ्कथनका प्रकारहरू (कथ्य र लेख्य), सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बद्धन), सङ्कथनका तत्त्व (सार्वनामिक, कालिक, दैशिक आदि) लाई चिनाउँदै सङ्कथनले पाठको अन्विति गराउन कस्तो भूमिका खेल्न सक्छ भन्ने कुरा उल्लेख गरिएको छ । साथै यस पुस्तकमा विशेष गरी सम्बद्धकलाई समन्वयकर्ताको भूमिका निभाउने विषयवस्तुका रूपमा चर्चा गरिएको छ ।

ढकाल (२०६८) द्वारा **प्रायोगिक भाषाविज्ञान** नामक पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिइएको छ । यसका साथै भाषाका विविध एकाइ ध्वनि, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश, वाक्य र त्यसभन्दा अझ माथिल्ला एकाइ अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो सङ्कथन निर्माण हुने कुरा उल्लेख गरिएको छ । साथै उक्त पुस्तकमा सङ्कथनका प्रकारको चर्चा गरिएको छ । जसमा कथ्य सङ्कथन (वक्ता, श्रोता, परिवेश, परिस्थिति र अवस्था) र लेख्य सङ्कथन (कथा, कविता, निबन्ध, नाटक, जीवनी, आदि) रहने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा सङ्कथनका युक्ति (सम्बद्धक र सम्बद्धन), र सङ्कथनका तत्त्व (प्रस्तोता, प्रापक, माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक सङ्केत र परिवेश) को चर्चा गरिएको छ । साथै यसमा विधाको संरचना, त्यसको सैद्धान्तिक अवधारणा र सङ्कथन विश्लेषण गर्ने पक्षका आधारमा सङ्कथन विश्लेषण भिन्न भिन्न हुन्छन् भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधलाई सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०६९) द्वारा **सङ्कथन विश्लेषण परिचय र पद्धति** शीर्षकको पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तक पूर्णतः सैद्धान्तिक पुस्तकका रूपमा आएको छ । यसमा सङ्कथन विश्लेषण, यसका नमुना, प्रकार्यपरक व्याकरणसँग सङ्कथन विश्लेषणका तुलना, वाक्क्रिया र सङ्कथन, समाज भाषा र सङ्कथन, कुराकानीको विश्लेषण, आलोचनात्मक सङ्कथनको विश्लेषण, उत्तर आधुनिक सङ्कथन विश्लेषण, नारीवादी सङ्कथन विश्लेषण, आख्यान विश्लेषण जस्ता पक्षको सैद्धान्तिक परिचय दिइएको छ । उक्त पुस्तकलाई प्रस्तुत शोधको सहयोगी सामग्रीको रूपमा लिइएको छ ।

### २.१.२ सम्बन्धित साहित्यको पुनरावलोकन

तुलनात्मक रूपमा सङ्कथन विश्लेषणका क्षेत्रमा नेपाली भाषामा थोरै मात्र पूर्वकार्य भएका छन् । अझ मनोवादमा आधारित भएर सङ्कथन विश्लेषण कार्य त भएकै छैन । विशेषगरी नेपाली भाषाका कथा, निवन्ध र उपन्यासमा सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर केही पूर्व कार्य भएका छन् । तिनै कार्यलाई प्रस्तुत अध्ययनमा निम्नानुसार समिक्षा गरीएको छ :

गौतम (२०६४) द्वारा **चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण** शीर्षक शोधपत्रमा सम्बद्धन र सम्बद्धकका आधारमा सङ्कथन विशलेषण गरिएको छ । यस अध्ययनको उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । उनले ह्यालिडे र हसन (ई. १९७६) को 'कोहिजन र कोहिरेन्स' सम्बन्धी धारणा वा मान्यतामा आधारित रही प्रस्तुत शोधकार्य सम्पन्न गरेका छन् ।

आचार्य (२०६५) द्वारा **कक्षा दशको नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण** शीर्षकममा शोधकार्य गरिएको छ । प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सङ्कथनका दृष्टिले कक्षा दशमा समावेश गरिएका कथा उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

ढकाल (२०६७) द्वारा **मधेसतिर कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधकार्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरी सम्बद्धक र सम्बद्धनको दृष्टिले निर्धारित पाठलाई विश्लेषण गरिएको छ । उक्त शोधमा सङ्कथनात्मक दृष्टिले 'मधेसतिर' कथा उपयुक्त रहेको , सङ्ख्यात्मक दृष्टिले सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक र सबैभन्दा कम समावेशात्मकता र सन्निधान शब्दको प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

बस्नेत (२०६७) द्वारा **कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाको सङ्कथनपरक विश्लेषण** शीर्षकको शोधपत्रमा 'भविष्य निर्माण' र 'खड्गबहादुर' गरी दुईवटा कथाको विश्लेषण गरिएको छ । उक्त शोधमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधमा सम्बद्धकका एघार र सम्बद्धनका तेईस भेद रहेको निष्कर्षसमेत निकालिएको छ ।

पोखरेल (२०६९) द्वारा **एकान्त कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । यसमा सङ्कथन, सङ्कथनका तत्त्व, सङ्कथनका युक्ति, सङ्कथनको आयाम आदिको चर्चा गरिएको छ । प्रस्तुत शोधपत्रमा सम्बद्धक र सम्बद्धनको खोजी र विश्लेषण गर्दै यी दुवैको उपयुक्तताको दृष्टिले निर्धारित पाठको मूल्याङ्कन समेत गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धकका दृष्टिले गर्नु र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेको छ । यही उद्देश्लाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा भाषिक जोर्नी (कोहिजन) र अर्थ (कोहिरेन्स) का आधारमा उक्त पाठ उपयुक्त रहेको निष्कर्ष निकाएिको छ । प्रस्तुत पूर्व शोध अध्ययनले सम्बन्धित शोधका लागि सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६९) द्वारा **उलार उपन्यासको सङ्कथन विश्लेषण** शीर्षकको पुस्तकमा सङ्कथनका सैद्धान्तिक आधारको चर्चा गरिएको छ । निर्धारित उपन्यासलाई भाषिक जोर्नी (कोहिजन) र अर्थ (कोहिरेन्स) का आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनको उपयुक्तताको दृष्टिले विश्लेषण गर्नु रहेका छन् । यही उद्देश्लाई पूरा गर्न यस शोधकार्यमा पनि

पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । उक्त शोधमा भाषिक  जोर्नी र अर्थका आधारमा उक्त पाठ उपयुक्त रहेको निष्कर्ष निकाएिको छ ।

रेग्मी (२०७१) द्वारा **'त्यसरी बाँचेको छ : त्यससरी नै' कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा प्रयोग गरिएको छ भने अध्ययनका उद्देश्यहरूमा (क) 'त्यसरी बाँचेको छ : त्यससरी नै' कथामा प्रयुक्त सम्बद्धकको पहिचान गर्नु, (ख) 'त्यसरी बाँचेको छ : त्यससरी नै' कथामा प्रयुक्त सम्बद्धनको स्थिति पत्ता लगाउनु रहेका छन् ।  यस शोधले उक्त कथा सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले  केही सीमाहरूबाहेक उपयुक्त र अन्वितिपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०७३) द्वारा **'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरूमा (क) सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, (ख) अछुत जातिलाई टिका लगाउँदा निबन्धमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, (ग) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण गर्नु, (घ) सम्बद्धक र सम्बन्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेका छन् । यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा प्रयोग गरिएको छ । यो पाठ आम सर्वसाधारणका लागि उपयुक्त भएको एबम्  सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गरी निबन्ध अन्वितिपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।

## २.२  पुनरावलोकनको उपादेयता

हेमाङ्गराज अधिकारीको २०६५ मा प्रकाशित सामाजिक र प्रायोगिक भाषाविज्ञानलाई सैद्धान्तिक आधार मान्नुका साथै रेग्मी (२०७१) द्वारा **'त्यसरी बाँचेको छ : त्यससरी नै' कथाको सङ्कथन विश्लेषण** र भण्डारी (२०७३) द्वारा **'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा भएका शोधकार्यलाई प्रमुख आधार मानेर यो अनुसन्धान अगाडि बढाइएको छ । यस अनुसन्धानसँग सम्बन्धित अन्य अप्रकाशित अनुसन्धान प्रतिवेदनहरू, पुस्तकहरूर अन्य सम्बन्धित लेख रचनाहरूको पुनरावलोकनका आधारमा यो अनुसन्धान अगाडि बढेको छ । पुनरावलोकनले अनुसन्धानको समस्यालाई विशिष्ट बनाउने, अनुसन्धानको सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्ने, अधययनको, औचित्य, महत्त्व र आवश्यकता पुष्टि गर्ने,  सम्बन्धित क्षेत्र वा विषयमा भएका विगतका अनुसन्धानहरूको विवरण र सार प्राप्त गर्दै पुनरावृत्तिको समस्याबाट जोगाउने अपेक्षँ राखिएको छ ।

## २.३ सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनमा सङ्कथन विश्लेषणका सन्दर्भमा अगाडि ल्याइएको सम्बद्धक र सम्बन्धनसँग सम्बन्धित सैद्धान्तिक ढाँचालाई आधार बढाइएको छ, जसलाई यहाँ सङ्क्षेपमा उल्लेख गरिएको छ :

### २.३.१ सङ्कथन विश्लेषणको परिचय

वास्तवमा सङ्कथन त्यस्तो भाषिक अभिव्यक्ति हो जुन एक सार वाक्यका रूपमा वा त्यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ (गौतम, २०६८ : ५७१)। भाषा विशेष सन्दर्भमा प्रयोग हुन्छ । जहाँ सन्दर्भ समायोजित हुन्छ त्यहीँ सङ्कथनको संरचना निर्माण भएको हुन्छ ।सङ्कथन अन्तर्गत कुनै भाषा, कुनै विषयमा भएको निश्चित लेखन कुराकानी, कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्ति आउँदछन् । सङ्कथनमा प्रस्तोता वा वक्ताले आफूलाई अभिव्यक्ति कर्ताका रूपमा प्रस्तुत गरेको हुन्छ र कुनै विषय वा व्यक्तिप्रति आफूलाई केन्द्रित गरेको हुन्छ । यसले के कुरा बुझाउँदछ भने सङ्कथनमा वक्ता, श्रोता र विषय पूर्ण रूपमा अपेक्षित हुन्छ । सङ्कथनमा वक्ताको अभिवृत्तिमाथि प्रभाव पार्ने बहुपक्षीय कुराकानी वा बातचितदेखि बृहत्तर भाषिक एकाइका पाठको समेत अध्ययन हुन्छ । अर्को तरिकाले भन्नुपर्दा सन्दर्भ समावेश भएका सम्पूर्ण भाषिक एकाइलाई सङ्कथन भित्र समावेश गर्न सकिन्छ ।

सङ्कथनले एकातिर भाषिक संरचनालाई सङ्केत गरिहेको हुन्छ भने अर्कोतिर अर्थ सम्बन्धलाई सङ्केत गरिरहेको हुन्छ । सङ्कथनले भाषाको वाक्यभन्दा माथिल्लो प्रयोग विस्तारलाई जनाउँदछ (अधिकारी, २०६५ : २५०) । सङ्कथन कथ्य र लेख्य भाषामा भएको अभिव्यक्ति हो । पछिल्लो चरणमा त साङ्केतिक भाषालाई पनि सङ्कथन भित्र समावेश गरिएको पाइन्छ । खासगरी सङ्कथन अन्तर्गत कुनै औपचारिक व्याख्यान, भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विषय विमर्श, परामर्श, संवाद परिसंवाद, विषयनिष्ट कुराकानी, भलाकुसारी, छलफल, ठट्यौली, चिठीपत्र, स्मारिका वा प्रतिवेदन, समाचार पत्रका लेख, विज्ञापन, गीति सङ्कथन, स-साना कथा, उखान, मुक्तक, सूक्ति, श्लोक आदिका साथै आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्चतहका कथन संरचना वा विधा निर्धारित संरचना लगायत जुनसुकै पाठ पर्दछन् । सुरुसुरुमा सङ्कथनले कथ्य अभिव्यक्ति अन्तर्गतका, भाषण, वार्तालाप जस्ता औपचारिक अभिव्यक्तिलाई बुझाउँथ्यो भने पछि आएर सामान्य बोलीचालीको भाषाहुँदै लिखित अभिव्यक्तिलाई पनि सङ्कथनका रूपमा चिनिन थालेको पाइन्छ । कथ्य र लेख्य जस्ता सङ्कथनका माध्यमबाट अभिव्यक्त भाषिक विचार सङ्कथन विश्लेषण अन्तर्गत चर्चा गर्न सकिन्छ ।

### २.३.२ सङ्कथनका युक्तिहरू

सङ्कथन सम्प्रेषणको प्रक्रिया हो । सङ्कथन सम्प्रेषणीय बन्नका लागि सङ्कथन निर्माणमा प्रयुक्त भाषिक घटकको बाह्य तथा आन्तरिक रूपमा उचित संयोजन हुनुपर्दछ । सङ्कथनलाई बाह्य र आन्तरिक रूपमा व्यवस्थित, क्रमबद्ध, अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तत्त्व नै सङ्कथनका युक्तिहरू हुन् । पाठ निर्माणका क्रममा प्रयुक्त हुने भाषिक संरचना र त्यसको अर्थगत अन्तः सूत्र अन्वितिपूर्ण र अर्थपूर्ण हुनु आवश्यक छ । यस्ता युक्ति निम्नानुसार छन् :

**अ) सम्बद्धक/संसक्ति (कोहिजन)**

पाठमा प्रयुक्त भाषिक घटकलाई परस्पर र सम्बद्ध बनाउन प्रयोग हुने संरचनात्मक र कोशीय शब्द नै संसक्ति हुन् । अर्थात् आपसमा जुटेर रहनु वा टाँसिएर रहनुलाई संसक्ति भनिन्छ । संसक्तिलाई सम्बद्धक पनि भन्ने गरिन्छ । संसक्तिले वाक्यभित्र र वाक्यका बिचमा शृङ्खला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एक आपसमा जोड्ने, सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने, कारण कार्य वा कार्यकारण शृङ्खलामा उन्ने काम गर्दछ । त्यसैगरी संसक्तिले सङ्कथन निर्माणमा प्रयुक्त भाषिक एकाइको अनावश्यक र लम्बेतान पुनरावृत्तिबाट सङ्कथनलाई बचाउने काम गर्दछ । संसक्तिले पाठलाई व्यवस्थित, श्रृङ्खलित, सङ्गठित बनाउने र भाषिक एकाइका बिच सम्बन्ध स्थापना गर्न आउने वा भाषिक एकाइलाई आपसमा जोड्ने भाषिक जोर्नी वा जोडक नै संसक्ति हो । पाठमा रहेका भाषिक अवयवलाई जोड्ने भाषिक जोर्नी नै संसक्ति हो । वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, देशिक आदि भाषिक तत्त्वलाई सम्बद्धकका रूपमा लिइन्छ (अधिकारी २०६७ : २५२) । त्यस्तै भण्डारी र अन्य (२०६८ : १९) ले बारेमा उल्लेख गर्दै भनेका छन् - भाषिक एकाइको समन्वयकर्ता भएकाले सङ्कथनभित्रका औपचारिक सम्बन्ध, विभिन्न प्रकारका अन्तरवाक्य, उपवाक्य आदि सम्बन्धलाई जोड्ने काम सम्बद्धकले गर्दछ ।

यस प्रकारले के निचोड वा निष्कर्षमा पुग्न सकिन्छ भने विभिन्न भाषिक एकाइलाई परस्पर जोडेर अन्वितिपूर्ण बनाउने महत्त्वपूर्ण एकाइ सम्बद्धक हो । यसलाई कोशीय र व्याकरणिक गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

**१. व्याकरणिक संसक्ति**

व्याकरणिक सङ्कथन व्याकरणिक कार्यसँग सम्बन्धित हुन्छ । निर्देशक कोटि, सर्वनाम, संयोजक जस्ता अशाब्दिक वा कोशीय अर्थ नभएका एकाइहरुले व्याकरणत्मक प्रकार्य पूरा गरेका हुन्छन् (न्यौपाने, २०७४ : २३) । सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध

जनाउने संसक्ति व्याकरणिक संसक्ति हुन् । यिनी निश्चित हुन्छन् । त्यस्ता संसक्ति खास सन्दर्भमा प्रयोग भई सन्दर्भगत अर्थ प्रदान गर्दछन् । यस्ता व्याकरणिक संसक्तिहरू निम्नानुसार छन् :

**क. सार्वनामिक संसक्ति**

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वनामिक संसक्ति हुन् । यसको आफ्नै निजी अर्थ हुँदैन तर वाक्यको प्रसङ्ग अनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यस्ता सार्वनामिक संसक्ति जनाउने शब्दको पाठमा व्यक्त भाव वा विचारलाई सङ्गठित बनाउने तथा कार्यकारण शृङ्खलामा बाँध्ने र पाठलाई सन्दर्भयुक्त बनाउने काममा सहयोग पुऱ्याउँदछन् । यस्ता संसक्ति पाठमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै रूपमा आउन सक्छन् । त्यसैगरी पाठभित्र सङ्कथन विश्लेषणले अग्रसन्दर्भक र पश्चसन्दर्भकका रूपमा काम गरेका हुन्छन् । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरुमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएमा त्यहाँ अग्रसन्दर्भक हुन्छ भने पहिले सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्च सन्दर्भक हुन्छ । पाठभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटकपटक प्रयोग गर्दा हुने निरसताको अन्त्यका लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग हुनु सार्वनामीकरण हो (गौतम, पूर्ववत्) । सर्वनामका विभिन्न प्रकारसँगै सार्वनामिक संसक्तिको पनि विभिन्न रूप हुने गर्दछन् ।

**ख. स्थानिक संसक्ति**

पाठमा रहेका स्थान र परिवेशलाई बुझाउने संसक्ति नै स्थानिक संसक्ति हुन् । स्थान र परिवेश बुझाउने यहाँ, त्यहाँ, कता, यता, तल, माथि, भित्र, बाहिर, अगाडि, पछाडि, घरमा, वनमा, जङ्गलबाट आदि स्थानिक संसक्ति हुन् । यस्ता संसक्तिले पाठलाई परस्पर जोडेका हुन्छन् ।

**ग. कालिक संसक्ति**

सङ्कथनमा कुनै घटनाको समय बुझाउन प्रयोग भएका संसक्ति नै कालिक संसक्ति हुन् । कालिक संसक्तिका रूपमा नामयोगी र क्रियायोगी आउने गर्दछन् । हिजो, आज, दिउँसो, भरे, बेलुका, पोहोर, साँझ, विहान, अस्ति, परार, २००३, २०४८ साल आदि कालिक संसक्ति हुन् । त्यसैगरी भित्र, तिर, अघि-पछि, नजिक, भर, भरि, तक, सम्म, यता, पहिले, उता, बिच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै संसक्तिका रूपमा प्रयोग हुन सक्छन् ।

**घ. संयोजक**

दुई वा सोभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई परस्परमा जोड्ने भाषिक जोर्नी संयोजक हो । यसले दुई मुख्य व्याकरणिक एकाइलाई जोड्ने काम गर्दछ । ले पाठमा रहने संयोजकलाई कालवाचकता, स्थानवाचकता, रीतिवाचकता, व्यतिरेकीवाचकता, विकल्पवाचकता, विरोध सूचकता, परिणामवाचकता, समानाधीकरण सूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बन्धवाचकता आदि प्रकारमा वर्गीकरण गरेका छन् । नेपाली भाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् । त्यस्ता संयोजकले पाठलाई सुसम्बद्ध बनाउन सहयोग पुऱ्याउँछन् ।

**ङ. प्रतिस्थापन**

पाठमा अगिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरू नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । यसले पनि सङ्कथनमा संसक्तिको काम गरेको हुन्छ । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन, एउटै भाषिक एकाइको पटक पटक हुने आवृत्तिबाट बचाउन, लामा लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग पुग्छ । प्रतिस्थापन पनि नामिक प्रतिस्थापन, क्रियाको प्रतिस्थापन र उपवाक्यको प्रतिस्थापन गरी तीन स्तरमा रहन सक्छ । नामिक प्रतिस्थापन भन्नाले कुनै नाम शब्दका सट्टा अर्को कुनै शब्द विशेष गरी सर्वनामको प्रयोग गर्नुलाई बुझिन्छ । जस्तै : बोराबाट आलु निकाल । यी राम्रा छैनन् । यहाँ आलु र यी का बिचको सम्बन्ध नामिक प्रतिस्थापनको सम्बन्ध हो । त्यस्तै क्रियाको प्रतिस्थापन भन्नाले अगिल्लो वाक्यमा आएको क्रियापदलाई पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा पदले प्रतिस्थापन गर्नुलाई बुझिन्छ । जस्तै : तिमी त्यसै रिसाउँदैछौ । तिमी पनि त्यसै गर्दैछौ नि । यहाँ रिसाउँदैको सट्टामा गर्दैछौ क्रियाको प्रतिस्थापन भएको छ । त्यसैगरी उपवाक्यका प्रतिस्थापन भन्नाले अगिल्लो वाक्यमा रहेको उपवाक्यलाई पछिल्लो वाक्यमा कुनै पदले हटाउनुलाई बुझिन्छ । जस्तै : पानी पर्न लाग्यो । जस्तो छ । यहाँ पानी पर्न लाग्यो भन्ने उपवाक्यलाई 'जस्तो छ' ले प्रतिस्थापन गरेको छ । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रूपमा काम गरेको हुन्छ ।

**च. लोप**

पाठमा अभिव्यक्तिकर्ताले अगिल्लो वाक्यमा प्रयोग गरेको कुनै भाषिक एकाइको प्रयोग पछिल्लो वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्दर्भ र प्रसङ्गबाट खुल्न आएमा त्यहाँ लोपको स्थिति रहन्छ । कुनै अवस्थामा लेखक र पाठक/ प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा पनि लोपको स्थिति देखा

पर्दछ । लोपका पनि विभिन्न प्रकार रहेका छन् । पाठभित्र नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप, संयोजकको लोप भएको हुन्छ । यी लोप पनि पूर्ण र आंशिक गरी दुवै रूपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा प्रयोग नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अगिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएका आंशिक लोप हुन्छ ।

**छ. निपात**

निपातले पनि भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउन सहयोग गरेको हुन्छ । निपातले भनाइलाई विशेष जोड दिन र अभिव्यक्तिलाई सरस बनाउन सहयोग पुऱ्याउँदछ । निपात भनेका वाक्यका कुनै खास शब्द वा सिङ्गो वाक्यमा आश्रित रही तिनमा निश्चय, आग्रह, स्वीकृति, बल आदि भाव थप गर्ने अवयव हुन् । यिनको स्वतन्त्र अर्थ हुँदैन । यसका साथै निपात भाषामा सीमित सङ्ख्यामा रहेका हुन्छन् । यस्ता निपात नै, मात्र, केवल, चाहिँ, पनि, ल, है, न, नि, त, पो, क्या, के, कि, रे, क्यारे, हँ, हगि, खै, लौ, हौ आदि रहेका छन् । यस्ता निपात वाक्यमा अग्र, मध्य वा अन्त्य जुनसुकै स्थानमा आउन सक्छन् ।

**२. कोशीय संसक्ति**

पाठमा कोशीय संसक्तिले पनि भाषिक जोर्नीको भूमिका खेलेका हुन्छन् । कोशीय शब्द भन्नाले खास गरी नाम, विशेषण र क्रियालाई चिनिन्छ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । यी शब्दका बिच आपसी सम्बन्ध हुनु नै कोशीय संसक्तिको निर्माण हो । यस्ता कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यिनीको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्त वर्गका शब्द अन्तर्गत पर्दछन् । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रूपले आपसमा मिलाएर राख्नाले कोशीय संसक्तिको सिर्जना हुन्छ । यसरी शब्दको चयन र सङ्कथनको सारका बिचमा सम्बन्ध स्थापित हुन्छ । त्यसैले सङ्कथनमा कोशीय संसक्तिको विश्लेषण गर्दा सबैभन्दा पहिले सङ्कथनको पूर्ण वा आंशिक रूपमा सार बुझ्नु पर्छ । त्यसपछि सङ्कथनको सार बुझाउन कोशीय एकाइको छनोटले कसरी सहयोग पुऱ्याइरहेको छ भन्ने कुरामा विचार गर्नुपर्छ । यस्ता संसक्ति निम्न लिखित रहेका छन् :

**क. पुनरावृत्ति**

सङ्कथनमा अगिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटक पटक प्रयोगबाट पुनरावृत्तिको सिर्जना हुन्छ । अगिल्ला प्रसङ्ग र पछिल्ला प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुऱ्याउँदछ ।

फलस्वरूप अर्थगत निरन्तरता कायम हुन्छ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गो वाक्यको समेत पुनरावृत्ति हुन्छ । पुनरावृत्ति अन्तरवाक्यीय र वाक्यान्तरिक दुवै रूपमा देखा पर्दछ ।

**ख. पर्यायवाची**

एउटै अर्थ बुझाउने भिन्नै रूप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । सङ्कथनमा यिनले विचारको शृङ्खला निर्माण गर्न सघाउ पुऱ्याउँछन् । यस्ता पर्याय शब्द पनि पूर्ण पर्याय र आंशिक पर्याय गरी दुई प्रकारका हुन्छन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएमा पूर्ण पर्याय र आंशिक किसिमका वा झन्डै समान किसिमको अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । यस्ता शब्दले पाठलाई अर्थपूर्ण अन्वितिपूर्ण र सुश्रृङ्खलित बनाउन सहयोग पुऱ्याउँछन् ।

**ग. विपरीतार्थी**

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भइरहेको हुन्छ । शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि श्रेणीवद्ध, परिपूरक र विरुद्धार्थक गरी तीन किसिमका हुन्छन् । यस्ता शब्दले पाठमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्दछन् ।

**घ. समावेशात्मकता**

धेरैवटा पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता अन्तर्गत समावेशक र समावेशित गरी दुईवटा शब्द प्रचलित छन् । समावेशक धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने एउटै साझा गुणसँग समावेश हुन सक्ने पदलाई समावेशित भनिन्छ । जस्तै केटो, केटी, आइमाई, लोग्ने, राम, श्याम आदि एउटै 'मान्छे' शब्दभित्र समावेश हुन्छन् । अतः यी शब्द समावेशक हुन् । समावेशकले पनि पाठमा जोर्नीको भूमिका निर्वाह गर्ने हुँदा यसलाई संसक्ति भनिन्छ ।

**ङ. सन्निधान**

कुनै पनि पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन भने तिनलाई सन्निधान भनिन्छ । सन्निधान भनेको सहप्रयोग हो । कुनै एउटा शब्द खास अर्को शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द जुन पायो त्यही शब्दसँग आउन नसक्ने स्थितिलाई सन्निधान भनिन्छ । त्यसैले सन्निधानले दुई शब्द निकट रहने बुझाउँदछ । संसक्ति अन्तर्गत सन्निधानको पनि विश्लेषण गरिन्छ ।

**आ) सम्बद्धन/संयुक्ति (कोहिरेन्स)**

संयुक्तिले कुनै पनि पाठको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जनाउँदछ । संयुक्तिलाई कतै सम्बद्धन पनि भन्ने गरेको पाइन्छ तर यहाँ संयुक्ति भनेर व्याख्या विश्लेषण गरिएको छ । यसले पाठमा प्रयुक्त भएको अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँदछ । कुनै पनि पाठमा खास किसिमको विवरणगत र वर्णनगत अनुक्रम आवश्यक पर्दछ । विषय प्रसङ्ग वा घटनाक्रम स्वभाविक रूपमा सिलसिलाबद्ध भएर प्रस्तुत भएमा त्यसले बोद्धालाई विषयको बोध गर्न सजिलो हुन्छ । त्यहाँ संयुक्तिको पालना भएको पनि मानिन्छ । यसका विपरीत घटनाक्रम भग्नक्रममा आएमा बोद्धालाई विषयको बोध गर्न असजिलो हुन्छ । त्यस अवस्थामा संयुक्तिको उचित निर्वाह भएको मानिँदैन । कहिलेकाहीँ परिवेश, पृष्ठभूमि, घटनाक्रम आदिले पनि विषयबोध गर्न सघाउँछ । त्यसैले अगिल्ला वाक्यमा प्रयुक्त विचारले पछिल्ला वाक्यलाई निर्देशित तथा सङ्केतिक गर्दै लगेको हुनुपर्दछ । सामान्य अर्थमा सम्बद्धनले अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँदछ (अधिकारी, २०६७ : २५४) । उपर्युक्त चर्चाबाट विषयवस्तु, त्यसको क्रमबद्ध प्रस्तुति, प्रस्तुत विषयको परिवेश अनि वक्ता वा लेखक र श्रोता वा पाठकको मानसिक समानता बिचको उपयुक्त तालमेल नै संयुक्ति हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ । सङ्कथन अभिव्यक्तिको अर्थगत वा वैचारिक सिलसिला जोड्ने अन्तःसूत्र हो । समग्रमा भन्नुपर्दा संयुक्तिले पाठमा प्रयुक्त भएको वैचारिक अन्तःसूत्रको निरन्तरतालाई जनाउँदछ ।

सङ्कथन भाषाबाट मात्र नभएर प्रस्तोता वा बोद्धाको विभिन्न परिवेशगत पृष्ठभूमिबाट पनि प्रभावित र निर्देशित हुने गर्दछ । त्यसैले पाठको अन्तःसूत्र पहिल्याउन त्यसको सन्दर्भार्थ, निहितार्थ, प्रसङ्गार्थ तथा अन्य प्रभावक तत्वका बारेमा समेत बुझ्नुपर्दछ । त्यस्तै पाठलाई बुझाउन र बुझ्न प्रस्तोता र बोद्धाको पूर्व अनुभव, ज्ञान, परिवेशका बारेमा पनि जानकार हुनुपर्दछ । संयुक्तिले सङ्कथनलाई अर्थको विश्रृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँछ । यसरी संयुक्तिले सङ्कथनमा विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । त्यस्ता अर्थ सम्बन्ध पोखरेल (२०६९ : २६) ले निम्नानुसार उल्लेख गरेका छन् :

**(क) सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा अगिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएको अवस्थालाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । त्यसैगरी पाठमा प्रयुक्त अगिल्लो वाक्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी दुई बिचको सम्बन्धलाई विशिष्ट सम्बन्ध भनिन्छ ।

**(ख) कार्यकारण / कारणकार्य सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अगिल्लो वाक्य कार्यस्वरूप र पछिल्लो वाक्य कारणस्वरूप आएमा यी वाक्यका बिचको सम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ । त्यसैगरी सङ्कथनमा प्रयुक्त वाक्य मध्ये अगिल्लो वाक्य कारणका रूपमा र पछिल्लो वाक्य कार्यका रूपमा आएमा यी वाक्यका बिचको सम्बन्धलाई कारणकार्य सम्बन्ध भनिन्छ ।

**(ग) प्रभाव र प्रतिफलको सम्बन्ध**

पाठमा प्रयुक्त भएको अगिल्लो भाषिक अभिव्यक्तिका प्रभावमा परेर त्यसको प्रतिफल स्वरूप पछिल्लो अभिव्यक्ति आएमा त्यसमा प्रभाव र प्रतिफलको सम्बन्ध भएको मान्न सकिन्छ ।

**(घ) तुलनात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै वस्तुका समानता, असमानता, उपयोगिता र अनुपयोगिता आदिको चर्चा गरिएमा ती वाक्यका बिचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध भनिन्छ ।

**(ङ) अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमा कुनै सम्बन्ध नरहे जस्तो लागे पनि कुनै न कुनै रूपमा वा परोक्ष रूपमा ती वाक्य आपसी रूपमा सम्बन्धित हुँदै सहयोगात्मक भूमिका निर्वाह गर्दछन् भने ती वाक्यका बिचका सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ ।

**(च) आर्थी पर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बिचमा संरचनागत समानता नरहे तापनि अर्थगत एकरूपता छ भने ती वाक्यका बिचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध भनिन्छ ।

**(छ) आर्थी विपर्यायको सम्बन्ध**

आर्थी विपर्यायलाई विपरीतबोधक सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा रहेका वाक्यका बिच परस्पर विपरीत अर्थ आउँछ भने ती वाक्यका बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ ।

**(ज) स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्य मध्ये अगिल्लो वाक्यका विषयको स्पष्टीकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बिचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ ।

**(झ) परिवेश र घटनाको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अगिल्लो वाक्यमा परिवेश र पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएमा यी वाक्यका बिचको सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध भनिन्छ ।

**(ञ) घटना र परिवेशको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यमा घटना र पछिल्लो वाक्यमा परिवेश प्रस्तुत भएमा ती वाक्यका बिचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध भनिन्छ ।

**(ट) प्रयोजनको सम्बन्ध**

प्रयोजनलाई उद्देश्य पनि भनिने हुनाले यसलाई उद्देश्यको सम्बन्ध पनि भनिन्छ । सङ्कथनमा प्रयुक्त वाक्यमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यस्तो हुनुको कारण वा प्रयोजन बताएमा यी वाक्यका बिचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध भनिन्छ ।

**(ठ) अनुमानको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बिचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

**(ड) परिचयात्मक सम्बन्ध**

सङ्कथनमा प्रयोग भएका वाक्यमध्ये अगिल्लो वाक्यमा कुनै कुराको परिचय र पछिल्लो वाक्यमा त्यसका विशेषता वर्णन गरिएमा ती वाक्यका बिचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ ।

**(ढ) समुच्चयबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये दुवै वाक्य समानान्तर अस्तित्त्व वा हैसियतमा रहने र प्रयुक्त विषयको अर्थ दुवैले स्पष्ट पार्न सहयोग गर्ने वाक्यबिचको सम्बन्धलाई समुच्चायबोधक सम्बन्ध भनिन्छ ।

**(ण) निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लोको अर्थ पछिल्लो वाक्यमा र पछिल्लो वाक्यको अर्थ अगिल्लोमा समावेश भएमा ती वाक्य बिचको सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ ।

(त) **पुनरुक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै एउटा वाक्यका घटक अर्को वाक्यमा दोहोरिएर अर्थ स्पष्ट पार्न सहयोग पुऱ्याएमा यी वाक्यका बिचको सम्बन्धलाई पुनरुक्ति सम्बन्ध भनिन्छ ।

(थ) **रीतिबोधक सम्बन्ध**

रीतिले प्रस्तुतिको शैलीलाई जनाउँछ । सङ्कथनमा प्रयुक्त कार्य वा घटनाको शैली बुझाउन प्रयोग हुने भाषिक घटक बिचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ । यसमा साहित्यिक आलङ्कारिक किसिमको र कतिपय ठाउँमा अनुकरणात्मक एवम् टुक्काको समेत प्रयोग भएको हुन्छ ।

(द) **शीघ्रताबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यबा बिचमा घटना वा कार्य तत्काल भएको सूचना प्राप्त भएमा ती वाक्यका बिचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ ।

(ध) **स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लोमा घटनासँग सम्बन्धित भएर वर्तमानको सम्बन्ध र पछिल्लोमा विगतको सन्दर्भ भएमा ती वाक्य बिचको सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ ।

(न) **अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्य बिचमा कुनै घटना वा कार्यको तार्किक अनुक्रम देखाइएको छ भने ती वाक्यका बिचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ ।

(प) **प्रश्नोत्तर सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएका वाक्यमध्ये अगिल्ला र पछिल्ला वाक्यका बिचमा प्रश्न र उत्तरको क्रम र सिलसिला रहेको ती वाक्यका बिचको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

(फ) **प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रूपमा आएका छन् भने ती वाक्यका बिचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्ध भनिन्छ ।

(ब) **आज्ञार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले आज्ञा वा अनुरोध बुझाउँछ भने ती वाक्यका बिचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ ।

**(भ) युगबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अगिल्लो र पछिल्लो वाक्यका बिचमा दुई वा सो भन्दा बढी घटना एकैपटक भएको अवस्था सिर्जना भएमा ती वाक्यका निर्दिष्ट निबन्धको को सम्बन्धलाई युगबोधक सम्बन्ध भनिन्छ ।

**२.३.३ सङ्कथनका तत्त्वहरू**

कुनै पनि एउटा सिङ्गो रूप तयार हुनाका लागि केही उपकरणको आवश्यकता पर्दछ । यसैलाई नै तत्त्व भनिन्छ । सङ्कथन पनि एउटा पूर्ण पाठ भएकाले यसको निर्माणमा केही अङ्गले संरचनात्मक भूमिका निर्वाह गरेका छन् । सङ्कथनलाई पूर्ण बनाउने सिलसिलामा प्रयुक्त तत्त्वलाई सम्प्रेषणात्मक तत्त्वका रूपमा समेत लिन सकिन्छ । अधिकारी, (२०६५: २५८-५९) का अनुसार सङ्कथनका तत्त्व निम्नानुसार रहेका छन् :

**(क) सम्बोधक**

सम्बोधकलाई वक्ता वा प्रस्तोता पनि भनिन्छ । त्यसैले सम्बोधक सङ्कथनको अनिवार्य तत्त्व हो । कथ्य सङ्कथनमा वक्ताका रूपमा सम्बोधक उपस्थित हुन्छ । त्यस्तै लेख्य सङ्कथनमा सम्बोधक लेखकका रूपमा उपस्थित हुन्छ । सम्बोधकले आफ्ना अभिव्यक्ति सम्बोधित वा प्रापक समक्ष प्रस्तुत गर्दछ ।

**(ख) सम्बोधित**

सम्बोधकले प्रस्तुत गरेको पाठलाई ग्रहण गर्ने व्यक्तिलाई सम्बोधित भनिन्छ । सम्बोधितलाई बोद्धा पनि भन्ने गरिन्छ । यसले कथ्य सङ्कथनमा स्रोताको भूमिका निर्वाह गर्दछ भने लेख्य सङ्कथनमा पाठकको भूमिका निर्वाह गर्दछ । कथ्य सङ्कथनमा सम्बोधक र सम्बोधितको भूमिका गतिशील हुन्छ भने लेख्य सङ्कथनमा यी दुई बिचको भूमिका स्थिर रहन्छ ।

**(ग) माध्यम**

सङ्कथनको सूचना प्रवाह गर्ने मार्गलाई माध्यम भनिन्छ । यसले सम्बोधक र सम्बोधितका बिच सम्बन्ध स्थापित गर्ने महत्त्वपूर्ण कार्य गर्दछ । कथ्य र लेख्य माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । विभिन्न सञ्चार माध्यम, चिठीपत्र आदिका माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ । त्यस्तै विभिन्न सङ्केत चिह्न पनि सङ्कथनका माध्यमका रूपमा प्रयोग हुन्छन् ।

**(घ) विषय**

कुनै पनि पाठको केन्द्रीय अभिव्यक्ति वा कथ्य नै त्यसको विषय हो । यसलाई शीर्षकका रूपमा उल्लेख गर्न सकिन्छ । विषयवस्तु, विषयप्रधान, घटनाप्रधान, चरित्र प्रधान हुन सक्छन् । त्यस्तै कुनै विषय वर्णनात्मक, कुनै विषय नाट्यात्मक, कुनै विषय विवरणात्मक त कुनै विषय सूचनात्मक पनि हुन सक्छन् । त्यस्ता विषयले सङ्कथनलाई प्रभावित पार्दछन् । त्यसैले विषयवस्तु सङ्कथनको महत्त्वपूर्ण तत्त्व हो ।

**(ङ) कोड**

कोडलाई भाषिक सङ्केत पनि भनिएको पाइन्छ । यसको छनोटबाट पनि सङ्कथनमा भिन्नता आएको पाइन्छ । कुनै सङ्कथन मानक कोडमा प्रस्तुत भएको हुन्छ भने कुनै सङ्कथन स्थानीय भाषिक कोडमा पनि प्रस्तुत भएको हुन्छ । कोडले पनि सङ्कथन निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले यसलाई तत्त्वका रूपमा लिइएको  पाइन्छ ।

**(च) सूचनाको स्वरूप**

सूचनाको स्वरूप अनुसार सङ्कथनमा विविधता देखा पर्दछ । गफ, छलफल, ठट्टा, वादविवाद, चिठी, विज्ञापन आदिमा एकै खालका विषयवस्तुलाई भिन्न भिन्न ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यी विषयले पनि सङ्कथनमा प्रभाव पार्दछन् । त्यसैगरी दृष्टिविन्दुको आधारमा पनि सङ्कथनको स्वरूपमा विविधता आउन सक्छ । यिनले विषयवस्तुको सङ्गठनमा सरलता, जटिलता, सघनता-शिथिलता समेत दर्शाउँछन् ।

**(छ) परिवेश**

विषयवस्तुको प्रस्तुतिसँग आबद्ध परिवेशले पनि सङ्कथनको महत्त्वपूर्ण तत्त्वका रूपमा भूमिका खेलेको हुन्छ । घर, परिवार, हाट बजार, बैठक, सभा समारोह, गोष्ठी आदि औपचारिक वा अनौपचारिक स्थितिका विविध सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिविम्बित गर्दछ । परिवेशलाई भाषिक र अभाषिक दुई भागमा बाँड्न सकिन्छ । विश्लेषित सङ्कथनको ठीक अगाडि वा पछाडि परिवेशलाई भाषिक परिवेश भनिन्छ । साथै जुन परिवेशमा विश्लेषण गरिने सङ्कथनको प्रयोग हुन्छ त्यसलाई अभाषिक वा अनुभविक परिवेश भनिन्छ ।

### २.३.४ सङ्कथन विश्लेषणका पद्धतिहरू

कुनै पनि पाठको विश्लेषणका क्रममा निश्चित पद्धति वा तरिका अवलम्बन गर्नु पर्दछ । पाठको विश्लेषण गर्ने क्रममा कहाँबाट सुरु गर्ने र कसरी विश्लेषण गर्ने भनी निर्धारण गरिएको

ढाँचा नै सङ्कथन विश्लेषणको पद्धति हो । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटनाको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ । तर सामान्य घटकको पहिचान र विश्लेषण गरी विशिष्टतिर जाने हो कि विशिष्टबाट सामान्यतिर जाने हो वा यी दुवैभन्दा भिन्न किसिमले सङ्कथन विश्लेषण गर्ने भन्ने कुराको अध्यायलाई निश्चित गन्तव्यतिर पुऱ्याउनका लागि पद्धतिको आवश्यकता पर्दछ । यो कुरा सङ्कथन विश्लेषणमा अपनाउने विधि र तरिका वा पद्धतिमा भर पर्दछ । सङ्कथन विश्लेषणका मुख्य गरी तीनवटा पद्धति विकसित भएका छन् । ती पद्धतिमा गौतम, (२०६१: १०) अनुसार ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धति,  स्टानोभिच (ई. १९८०) अनुसार अन्तरक्रियात्मक वा मिश्रित पद्धति रहेका छन् । यी पद्धतिको संक्षिप्त परिचय तल दिइएको छ :

**(क) ऊर्ध्वगमन पद्धति**

सङ्कथन विश्लेषणका साना भाषिक एकाइबाट क्रमशः माथितिर जाने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । सङ्कथन विश्लेषणको यो पद्धतिलाई विशिष्ट भाषिक एकाइबाट सामान्य भाषिक एकाइतिर जाने पद्धतिका रूपमा पनि लिइने गरिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाइलाई पहिचान गरी विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला भाषिक एकाइको खोजी गरिन्छ । यसमा पाठमा रहेका अर्थयुक्त पददेखि लिएर वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो भाषिक उच्चारणको विश्लेषण गरिन्छ । यसरी सानो भाषिक एकाइको विश्लेषण गर्दै ठूलो एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित हुने पद्धति नै ऊर्ध्वगमन पद्धति हो ।

**(ख) अधोगमन पद्धति**

पाठको विश्लेषणका क्रममा ठूलो भाषिक संरचनाबाट क्रमशः साना भाषिक संरचनातर्फ केन्द्रित रहने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यसलाई माथिबाट तलतिरको क्रममा पद्धतिका रूपमा पनि लिन सकिन्छ । अधोगमन र ऊर्ध्वगमन पद्धतिलाई निम्नानुसार देखाउन सकिन्छ :


| | | |
|---|---|---|
| | ↑ पाठ | |
| | परिच्छेद | |
| ऊर्ध्वगमन पद्धति | अनुच्छेद | अधोगमन पद्धति |
| | वाक्य | |
| | उपवाक्य | |
| | पद ↓ | |

**(ग) अन्तरक्रियात्मक/मिश्रित पद्धति**

पाठ विश्लेषणका क्रममा ऊर्ध्वगमन र अधोगमन दुवै पद्धतिको मिश्रित रूप अन्तरक्रियात्मक पद्धति हो । यसलाई रसियन भाषाशास्त्री स्टानोभिचले सन् १९८० तिर तयार पारेका हुन् । अगिल्ला दुवै पद्धतिमा रहेका केही समस्यालाई निराकरण गर्नका लागि यो पद्धति तयार गरिएको हो । प्रस्तुत पद्धति पाठ विश्लेषणको तेस्रो पद्धतिका रूपमा परिचित छ । यसले ऊर्ध्वगमन र अधोगमनका आधारमा नभई आवश्यकताको सिद्धान्तका आधारमा पाठको विश्लेषण गर्दछ । यसले आवश्यकता अनुसार ऊर्ध्वगमन र अधोगमन दुवै पद्धतिको उपयोग गर्दछ । त्यसैले यसलाई सङ्कथन विश्लेषणको मिश्रित पद्धति पनि भनिएको हो ।

## २.४ अबधारणात्मक ढाँचा

यस अध्ययनको अबधारणालाई निम्न अनुसारको ढाँचामा प्रस्तुगरिएको छ :




माथि उल्लिखित आरेखका अनुसार नै यस अध्ययनमा *सपरिवार छोराले देश छोडेको रात* मनोवादको सङ्कथन विश्लेषण गरिने छ। मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

अन्तर्गत व्याकरणिक संसक्ति अन्तर्गतका सार्वनामिक संसक्ति, स्थानिक संसक्ति, कालिक संसक्ति, संयोजक, प्रतिस्थापन, लोप, निपातका साथै कोशीय संसक्तिहरू पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, र समावेशात्मकताका आधारमा विश्लेषण गरिएको छ । साथै दोस्रो उद्देश्य अनुसार उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्न सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध, कार्यकारण / कारणकार्य सम्बन्ध, प्रभाव र प्रतिफलको सम्बन्ध,. तुलनात्मक सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, परिवेश र घटनाको सम्बन्ध, घटना र परिवेशको सम्बन्ध, प्रयोजनको सम्बन्ध, अनुमानको सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, निहितार्थ सम्बन्ध, पुनरुक्ति सम्बन्ध, रीतिबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध, स्मरणको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थक सम्बन्ध. आज्ञार्थ सम्बन्ध र युगबोधक सम्बन्धलाई आधार बनाइएको छ । साथै अध्ययनको उद्देश्य अनुसार नै मनोवादमा प्रयुक्त सम्बद्धक र सम्वद्धनहरूको उपयुक्तता केलाउन उक्त मनोवाद भाषिक जोर्नीका दृष्टिले के कति अन्वितिपूर्ण छ र बोधगम्यता र अर्थपूर्णता समेतका आधारमा समेत के कति पठनयोग्य छ भन्ने आधारमा बिश्लेषण गरिएको छ ।

यसरी प्रस्तुत अध्ययनमा *सपरिवार छोराले देश छोडेको रात* मनोवादको व्याख्या विश्लेषण गर्ने क्रममा पुस्तकालयीय विधिलाई प्रमुख अध्ययन विधिकारूपमा प्रयोग गरी सम्बद्धक र सम्बद्धनका आधारमा मनोवाद के कस्तो छ सो निश्कर्षमा पुगिएको छ ।

# अध्याय - तीन

# अध्ययनको प्रक्रिया

## ३.१ अध्ययनको संरचना

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय विधिलाई प्रमुख रूपमा प्रयोग गरिएको छ । यसका साथै आवश्यकता हेरी वर्णनात्मक, विश्लेषणात्मक एवम् अन्तर्वाता अर्थात् शोधनी विधिको समेत प्रयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका सङ्कथन विश्लेषण सम्बन्धी विभिन्न विद्वानहरूका लेख, रचना, समालोचना समेटिएका पुस्तक, पत्रपत्रिका, अग्रजका शेधपत्रहरूआदिलाई उपयोगमा ल्याई अध्ययन विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिने छ :

(क) प्राथमिक स्रोत :

यस अनुसन्धान कार्यमा प्रा.डा. टङ्कप्रसाद न्यौपानेको अभिनन्दन ग्रन्थ सडक देखि शिखरतिर भित्र सङ्कलित मदनराज बरालद्वारा लिखित सपरिवार छोराले देश छोडेको रात मनोवादलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

(ख) द्वितीयक स्रोत :

प्रस्तुत अध्ययनमा द्वितीयक स्रोतका रूपमा विभिन्न सहयोगी पुस्तकहरू, अप्रकाशित शोधपत्रहरूयस विषयसँग सम्बन्धित लेख रचनाहरूलाई उपयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत सपरिवार छोराले देशछोडेको रात मनोवादको संङ्कथन विश्लेषण गर्ने क्रममा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरीएको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अध्ययनको उद्देश्य अनुसार सम्बद्धक र सम्बद्धनका आधारमा तालिकीकरण गरी आवश्यक व्याख्या र विश्लेषण समेतका आधारमा प्रस्तुत अध्ययनलाई निचोडसम्म पुऱ्याइएको छ । यस अध्ययनमा तथ्याङ्क विश्लेषण र व्याख्या गर्दा शोधको पहिलो उद्देश्य *'सपरिवार छोराले देश छोडेको रात'* मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण अन्तर्गत व्याकरणिक संसक्ति अन्तर्गतका सार्वनामिक संसक्ति, स्थानिक संसक्ति, कालिक संसक्ति, संयोजक, प्रतिस्थापन, लोप,

निपातका साथै कोशीय संसक्तिहरूपुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, र समावेशात्मकताका आधारमा विश्लेषण गरिएको छ । साथै दोस्रो उद्देश्य अनुसार उक्त मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्न सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध, कार्यकारण / कारणकार्य सम्बन्ध, प्रभाव र प्रतिफलको सम्बन्ध,. तुलनात्मक सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, परिवेश र घटनाको सम्बन्ध, घटना र परिवेशको सम्बन्ध, प्रयोजनको सम्बन्ध, अनुमानको सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, निहितार्थ सम्बन्ध, पुनरुक्ति सम्बन्ध, रीतिबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध, स्मरणको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थक सम्बन्ध. आज्ञार्थ सम्बन्ध र युगबोधक सम्बन्धलाई आधार बनाइएको छ । साथै तेस्रो उद्देश्य अनुसार मनोवादमा प्रयुक्त सम्बद्धक र सम्वद्धनहरूको उपयुक्तता केलाउन उक्त मनोवाद भाषिक जोर्नीका दृष्टिले के कति अन्वितिपूर्ण छ र बोधगम्यता र अर्थपूर्णता समेतका आधारमा समेत के कति पठनयोग्य छ भन्ने आधारमा बिश्लेषण गरिएको छ ।

# अध्याय - चार

# व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

*सपरिवार छोराले देश छोडेको रात* मनोवाद प्राध्यापक डाक्टर टङ्कप्रसाद न्यौपानेलाई पात्रका रूपमा प्रस्तुत गरी मदनराज बरालद्वारा लिखित लेखिएको हो । यो मनोवाद प्राध्यापक डाक्टर टङ्कप्रसाद न्यौपानेको अभिनन्दन ग्रन्थ *'सडकदेखि शिखरतिर'* नामक पुस्तामा सङ्कलित रहेको छ । यो अध्ययन यसै मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

## ४.२ *'सपरिवार छोराले देश छोडेको रात'* मनोवादको वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

यस अध्ययनमा निर्दिष्ट मनोवादको वाक्यहरूका बिचमा रहेका सम्बद्धकको विश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बिचमा बाह्य सम्बन्ध दर्साउन आउने सम्बद्धकहरूको खोजी गरी तालिकामा प्रस्तुत गरिनुका साथै ती सम्बद्धकहरूको विश्लेषण पनि गरिएको छ । मनोवादमा रहेका प्रत्येक अनुच्छेदका वाक्यान्तरिक वा अन्तर्वाक्यीय संरचनामा आएका सम्बद्धकहरूलाई तल प्रस्तुत गरिएको छ । पहिचान र विश्लेषणको सहजताका लागि यस मनोवादमा रहेका निर्देशक तथा सूचकका रूपमा रहेका १९ ओटा वाक्यहरूलाई व्यञ्जन वर्णानुक्रममा क देखि ध सम्म राखेर छुट्टै वर्गीकरण गरिएको छ । यसै गरी सङ्केतित अर्थ भने आवश्यकता हेरी मात्र खुलाइएको छ ।

### ४.२.१ निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा निर्देशक तथा सूचक वाक्यहरूव्यञ्जन वर्णानुक्रममा क देखि छ सम्म ७ वटा र वाक्य सङ्ख्या १ देखि ९ सम्म जम्मा ९ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छः

वा.सं.

*क. स्थान : काठमाडौंको मगर गाउँस्थित छोरीको घरको सुत्ने कोठा*

*ख. समय : राति दश बजे*

*ग. पात्र : टङ्कप्रसाद न्यौपाने*

*घ. टङ्कप्रसाद न्यौपाने ओछ्यानमा पल्टिएर निदाउन प्रयास गरिरहेका छन् ।*

*ङ छेउमा पानीको जग र गिलास छ ।*

*च. बाहिरबाट घ्यार्रघुर्र गाडी कराएको आवाज मात्र आउँछ ।*

*छ. गिलासबाट पानी खाएर बत्ती मारी ओछ्यानमा पल्टँदै*

*१. साँच्चि, केटाकेटीहरूअहिले कहाँ उडिरहेका होलान् ।*

*२. कति ठाउँमा  जहाज बिसाउँदै र फेर्दै कति घण्टापछि अमेरिका पुग्ने हुन् ?*

*३. नातिहरूअमेरिका जान पाएकामा अहिले त खुसी नै होलान् तर त्यहाँ पुगेपछि नेपाल सम्झेर नियास्रो पो मान्ने हुन् कि ?*

*४. तिनलाई हजुरबा हजुरआमाको (हाम्रो) पनि त सम्झना आउँदो हो नि ।*

*५. हुन त केटाकेटीका लागि जहाँ आफ्ना आमाबाबु त्यहीँ आफ्नो घर भन्ने चलन नै छ ।*

*६. जे भए पनि छोराले सपरिवार देश छाडिहाल्यो ।*

*७. अब फर्केर कहिले आउला र ?*

*८. अमेरीकामा मानिसहरूज्यादै व्यस्त हुन्छन् भनिन्छ ।*

*९. उतैको रहनसहन, उतैका साथीसँगी, छोराबुहारीले नै पनि देश र हामीलाई सम्झिन गाह्रो छ, ठिटा नातिहरूको त झन् के कुरा भयो र ?*

निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| क. | स्थानिक | काठमाडौं | |
| | स्थानिक | मगर गाउँ | |
| | स्थानिक | छोरीको घर | |
| | स्थानिक | सुत्ने कोठा | |
| ख. | कालिक | राति दश बजे | |
| ग. | व्यक्ति | टङ्कप्रसाद न्यौपाने | |
| घ. | स्थानिक | ओछ्यानमा | |

| | | | |
|---|---|---|---|
| ङ. | संयोजक | र | |
| च. | स्थानिक | बाहिर | कोठा भन्दा बाहिर |
| छ. | स्थानिक | ओछ्यानमा | |
| १ र २ | निपात | साँच्चि | |
| | कालिक | अहिले | |
| | बाह्य सन्दर्भक | कहाँ | |
| २ र ३ | पुनरावृत्ति | कति | |
| | संयोजक | र | |
| | स्थानिक | अमेरिका | |
| ३ र ४ | स्थानिक | अमेरिका | |
| | कालिक | अहिले | |
| | संयोजक | तर | |
| | अग्रसन्दर्भक | त्यहाँ | अमेरिका |
| | स्थानिक | नेपाल | |
| ४ र ५ | अग्रसन्दर्भक | तिनलाई | |
| | संयोजक | पनि | |
| | निपात | त | |
| | निपात | नि | संयोजकका रूपमा होइन |
| ५ र ६ | तृतीय पुरुष | केटाकेटी | |
| | स्थानिक | जहाँ | |
| | आत्मवाचक | आफ्ना | |
| | स्थानिक | त्यहीँ | |
| | आत्मवाचक | आफ्नो | |
| | निपात | नै | |
| ६ र ७ | संयोजक | पनि | |
| | स्थानिक | देश | नेपाल |
| ७ र ८ | कालिक | अब | |
| | कालिक | कहिले | |
| | निपात | र | संयोजकका रूपमा होइन |

| | | | |
|---|---|---|---|
| ८ र ९ | स्थानिक | अमेरीकामा | |
| | तृतीय पुरुष | मानिसहरू | |
| ९ र १० | पुनरावृत्ति | उतैको | |
| | निपात | नै | |
| | संयोजक | पनि | |
| | स्थानिक | देश | नेपाल |
| | निपात | र | संयोजकका रूपमा होइन |

माथिको तालिकामा उल्लेख भए अनुसार निर्देशक तथा सूचक वाक्यहरू व्यञ्जन वर्णानुक्रममा क देखि छ सम्म स्थान र काल जनाउन प्रयोग भएका छन् ।  स्थानिकका रूपमा काठमाडौं, मगर गाउँ, छोरीको घर, सुत्ने कोठा, ओछ्यानमा, बाहिर, ओछ्यानमा शब्दहरूआएका छन् भने राति दश बजे कालिकका साथै एक संयोजक र को पनि प्रयोग भएको देखिन्छ । त्यसैगरी वाक्यसंख्या १ र २ का बीचमा निपातका रूपमा साँच्चि, कालिक जोर्नीका रूपमा अहिले बाह्य सन्दर्भकका रूपमा कहाँ अएको देखिन्छ । वाक्यसंख्या २ र ३ का बीचमा पुनरावृत्ति, संयोजक र स्थानिक गरी तीन सम्बद्धकहरूको प्रयोगले मनोवादलाई कसिलो बनाएको छ । वाक्यसंख्या ३ र ४ का बीचमा दुई स्थानिक, एक कालिक, एक संयोजकका साथै एक अग्रसन्दर्भकको प्रयोगले मनोवादलाई जोडेको देखिन्छ । वाक्यसंख्या ४ र ५ मा क्रमशः अग्रसन्दर्भक, संयोजक, निपात, निपातको प्रयोग देखिन्छ । वाक्यसंख्या ५ र ६ लाई हेर्दा तृतीय पुरुष, स्थानिक, आत्मवाचक, स्थानिक, आत्मवाचक, निपात गरी सम्बद्धकहरूको प्रयोग देखिन्छ । वाक्यसंख्या ६ र ७ मा संयोजक र स्थानिक गरी मात्र दुई सम्बद्धकहरूदेखापर्दछन् भने ७ र ८ वाक्यसंख्यामा कालिक दुई पटक र निपात एक पटक आएर भाषिक जोर्नीको रूपामा काम गरेका छन् । वाक्यसंख्या ८ र ९ मा एक स्थानिक र एक तृतीय पुरुष सम्बद्धकहरूदेखापर्दछन् । यो वाक्यसंख्या श्रेणीका अन्त्यमा वाक्यसंख्या ९ र १० मा दुई निपातका साथै एक एक ओटा पुनरावृत्ति, संयोजक र स्थानिक गरी पाँच ओटा सम्बद्धकको उपस्थिति देखिन्छ ।

यस प्रथम वाक्यसंख्या श्रेणीमा स्थानिक, कालिक र निपात सम्बद्धकहरूको अत्यधिक प्रयोग भएको देखिन्छ । आवश्यकमात्रामा सम्बद्धकहरूको प्रयोगले मनोवादलाई कसिलो र सिल्सिलेवार बनाएको देखिन्छ ।

### ४.२.२ निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा १ ओटा निर्देशक तथा सूचक वाक्यका साथै वाक्य सङ्ख्या १० देखि १७ सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*ज. (एक गिलास पानी खाँदै)*

*१०. जेठो छोरो र उसका परिवारप्रति मैले गरेको यो शङ्का अनावश्यक पनि हुन सक्छ किनभने दुई वर्षअघि यसै गरी सपरिवार क्यानाडा गएका कान्छा छोरा र बुहारीले विदेशमा भएको कुनै भान हुन दिएका छैनन् ।*

*११. दिनदिनैजसो फोन, इमेल, इन्टरनेट आदिका माध्यमबाट सम्पर्क गर्छन् ।*

*१२. सानी छोरीलाई पनि घरमा नेपाली नै बोल्न सिकाएका छन् ।*

*१३. बुहारी पनि हामी बूढाबूढीको कति ख्याल गर्छिन् ।*

*१४. पन्ध्र दिनअघि मात्र छोराले उतैबाट गुणस्तरीय आइप्याड पठाइदिएको थियो ।*

*१५. त्यो यहाँ त छ ।*

*१६. ओहो, चार्ज सकिएको थियो ।*

*१७. ठिकै छ, भोलि बिहान चार्ज गरुँला ।*

निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. २

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| **ज.** | - | - | |
| १० र ११ | संयोजक | र | |
| | अग्रसन्दर्भक | उसका | जेठो छोराका |
| | सार्वनामिक | मैले | |
| | संयोजक | पनि | |
| | संयोजक | किनभने | |

| | | | |
|---|---|---|---|
| | कालिक | दुई वर्षअघि | |
| | स्थानिक | क्यानाडा | |
| | संयोजक | र | |
| | स्थानिक | विदेशमा | क्यानाडामा |
| ११ र १२ | लोप | - | छोरा र बुहारीले |
| १२ र १३ | लोप | - | छोरा र बुहारीले |
| | संयोजक | पनि | |
| | स्थानिक | घरमा | |
| १३ र १४ | संयोजक | पनि | |
| | प्रथम पुरुष | हामी | |
| १४ र १५ | कालिक | पन्ध्र दिनअघि | |
| | स्थानिक | उतैबाट | क्यानाडाबाट |
| १५ र १६ | अग्रसन्दर्भक | त्यो | आइप्याड |
| | स्थानिक | यहाँ | आँफू सँगै |
| | निपात | त | |
| १६ र १७ | निपात | ओहो | |
| १७ र १८ | निपात | ठिकै छ | |
| | कालिक | भोलि बिहान | |

माथिको तालिकामा उल्लेख भए अनुसार सूचक वाक्यसंख्या ज मा कुनै पनि सम्बद्धकको प्रयोग भएको देखिदैन । वा.सं. १० र ११ मा भने चार ओटा संयोजक र दुई ओटा स्थानिकका सथै अग्रसन्दर्भक, सार्वनामिक, कालिक सम्बद्धकहरूको प्रयोग देखिन्छ । वा.सं.११ र १२ मा छोरा र बुहारीले शब्द लोप भएको देखिन्छ । १२ र १३ वा.सं. लाई हेर्दा छोरा र बुहारीले शब्द नै लोप भएको छ भने एक संयोजक र एक स्थानिक सम्बद्धकहरूको प्रयोग देखिन्छ । १३ र १४ वा.सं.मा पनि शव्दले संयोजकको काम गरेको छ भने हामी शव्द प्रथम पुरुषका रूपमा उपस्थित देखिन्छ ।

वा.सं. १४ र १५ मा एक कालिक र एक स्थानिक सम्बद्धकहरूको प्रयोग देखिन्छ । यसै गरी वा.सं.१५ र १६ मा अग्रसन्दर्भक, स्थानिक र निपात जस्ता सम्बद्धकको प्रयोग पाईन्छ । वा.सं. १६ र १७ मा ओहो एकमात्र निपात सम्बद्धकका रूपमा उपस्थित रहेको छ । १७ र १८ अर्थात् श्रृङखलाको अन्तिम वा.सं. मा एक निपात र एक कालिक सम्बद्धकको प्रयोगले मनेबाद कसिलो बनाएको देखिन्छ ।

यसरी चर्चित वाक्यसङ्ख्या श्रेणीमा विविध सम्बद्धकका प्रयोग भएको पाइएता पनि स्थानिक र कालिक सम्बद्धकको नै बाहुल्यता देखिन्छ ।

### ४.२.३ निर्दिष्ट मनोवादको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको तोस्रो अनुच्छेदमा २ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या १८ देखि २० सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*झ. (उठ्न खोज्दै र पल्ला खाटतिर कान थाप्तै)*

*१८. ए, श्रीमती त अघि नै निदाइसकिछन् पो ।*

*१९. यता आफूलाई यत्रो छटपटी छ उनी भने ..... ।*

*२०. हुन त उनले सबै आडभरोसा मलाई नै ठानेर ढुक्क भएकी होलिन् नि, ठीकै छ*

*ञ. (उठेर झ्यालको पर्दा खोली बाहिर हेर्छन् र फेरि ओछ्यानमै पल्टन्छन् ।)*

निर्दिष्ट मनोवादको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ३

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| झ. | संयोजक | र | |
| | स्थानिक | पल्ला खाट | |
| १८ र १९ | निपात | ए | |
| | निपात | त | |
| | कालिक | अघि | |
| | निपात | पो | |
| १९ र २० | स्थानिक | यता | |
| | आत्मवाची | आफूलाई | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक | उनी | |
| २० र २१ | संयोजक | हुन त | |
| | सार्वनामिक | उनले | |
| | आत्मवाची | मलाई | |
| | निपात | नै | |
| | निपात | ीन | |
| ञ. | स्थानिक | बाहिर | |
| | संयोजक | र | |
| | स्थानिक | ओछ्यानमै | |

माथिको तालिका अनुसार सूचक वाक्य झमा संयोजकमा रूपमा र शब्दको प्रयोग भएको छ भने पल्ला खाट शब्दले स्थानिक सम्बद्धकको काम गरेको छ । वा.सं.१८ र १९ मा तीन निपात शब्द र एक कालिक शब्दले सम्बद्धकको काम गरेका छन् । वा.सं.१९ र २० मा स्थानिक, आत्मवाची, सार्वनामिक गरी तीन सम्बद्धकको प्रयोग पाइन्छ । वा.सं.२० र २१ मा दुई निपात शब्दहरूर संयोजक, सार्वनामिक, आत्मवाची सम्बद्धकको प्रयोग भएको छ । सूचक वाक्य ञ मा दुई स्थानिक र एक संयोजकको प्रयोग भएको पाइन्छ ।

यस वाक्यसंख्या श्रेणीमा निपातको बाहुल्यता रहेको पाइन्छ भने अन्यविविध प्रकारका संबद्धकहरूको प्रयोगले मनोवादलाई सुगठित र पठनयोग्य बनाएका छन् ।

### ४.२.४ निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा ३ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या २१ देखि ३२ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*२१. भएका दुईवटै छोरा सपरिवार विदेशमा, छोरी सपरिवार काठमाडौंमा अनि हामी दुई बूढाबूढी मात्रै धरानमा ।*

*ट. (लामो सास तान्दै)*

*२२. कस्तो अभागी रहेछु म, जन्मेको ६ महिनामै आमा गुमाउनु, आमाको बिम्ब पनि नबन्नु, अरूले आमा भनेको सुनेर सन्तोष मान्नु ।*

*२३. आफ्नो पौरख देखाउन नपाई बाबु अपाङ्ग हुनु अनि नातिपनाति विदेश जान पाएको हर्षको अनुभूति गर्नै नपाई बुबालाई गुमाउनु अनि यस बुढ्यौलीमा छोराछोरी नातिनातिना आदिसँग रमाउनै नपाई तिनको विदेशको बसाइँ सराइलाई टुलुटुलु हेर्दै स्वीकार्न बाध्य हुनु ।*

*२४. छोराछोरी जन्मायो, बढायो,पढायो, विदेश पठायो अनि बुढ्यौलीमा आफू चाहिँ एक्लै ।*

*२५. धिक्कार छ जिन्दगीलाई ।*

*ठ. (जुरुक्क उठी ओछ्यानमा बसेर सम्झँदै)*

*२६. हुन त यस कुरालाई नकारात्मक रूपमा मात्रै पनि हेर्नु हुँदैन ।*

*२७. सानैमा आमा गुमाएर विकलाङ्ग बाबुको छत्रछाया र शुभचिन्तकहरूका अशीर्वादको फलस्वरूप बढे पढेर यतिको उच्च स्थानमा पुगेको म र मेरो परिवार निम्नवर्गीय हो ।*

*२८. हाम्रा लागि अमेरीका, क्यानाडा जस्ता विकसित देशको भ्रमण, अझ बसोबास काबुबाहिरको कुरा हो ।*

*२९. धेरैका लागि त्यो सपना मात्रै हो तर, मेरा शाखासन्तान तिनै विकसित देशमा स्थायी दीर्घकालीन बसोबासका लागि जाँदैछन् भने मैले जिन्दगीप्रति धिक्कर होइन, आभार प्रकट गर्नुपर्ने हुन्छ ।*

*३०. उनीहरूत्यहाँ भएपछि हाम्रा लागि पनि त्यहाँ जाने बाटो खुला हुन सक्छ ।*

*३१. सपनाको देश डुल्न पाइन्छ ।*

*३२. अनि त बुढ्यौलीमा अलिकति भए पनि हाँसो थपिन्छ कि ?*

*ड. (एक गिलास पानी खाएर फेरि ओछ्यानमा पल्टन्छन् ।*

निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ४

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| २१ र २२ | स्थानिक | विदेशमा | |
| | स्थानिक | काठमाडौंमा | |
| | संयोजक | अनि | |
| | सार्वनामिक | हामी | |
| | स्थानिक | धरानमा | |

| | | | |
|---|---|---|---|
| ट. | - | - | |
| २२ र २३ | आत्मवाचक | म | |
| | कालिक | ६ महिना | |
| | निपात | पनि | |
| | सार्वनामिक | अरूले | |
| २३ र २४ | आत्मवाचक | आफ्नो | |
| | संयोजक/पुनरावृत्ति | अनि | |
| | स्थानिक | विदेश | |
| | संयोजक/पुनरावृत्ति | अनि | |
| | कालिक | बुढ्यौलीमा | |
| | सार्वनामिक | तिनको | छोराछोरी र नातिनातिनाको |
| | स्थानिक | विदेश | अमेरीका |
| | पुनरावृत्ति | टुलुटुलु | |
| २४ र २५ | स्थानिक | विदेश | |
| | संयोजक | अनि | |
| | कालिक | बुढ्यौलीमा | |
| | आत्मवाचक | आफू | |
| | निपात | चाहिँ | |
| २५ र २६ | संयोजक | हुन त | |
| | पश्चसन्दर्भक | यस | |
| | संयोजक | पनि | |
| ठ. | स्थानिक | ओछ्यानमा | |
| २६ र २७ | कालिक | सानैमा | |
| | संयोजक | र | |
| | स्थानिक | उच्च स्थानमा | |
| | सार्वनामिक | म | |
| | संयोजक | र | |
| | सार्वनामिक | मेरो | |

| | | | |
|---|---|---|---|
| २७ र २८ | सार्वनामिक | हाम्रा | |
| | स्थानिक | अमेरीका | |
| | स्थानिक | क्यानाडा | |
| | स्थानिक | देशको | |
| | संयोजक | अझ | |
| २८ र २९ | अग्रसन्दर्भक | त्यो | |
| | संयोजक | तर | |
| | सार्वनामिक | मेरा | |
| | अग्रसन्दर्भक | तिनै | विकसित देशमा |
| | स्थानिक | विकसित देशमा | |
| | कालिक | दीर्घकालीन | |
| | संयोजक | भने | |
| | आत्मवाचक | मैले | |
| २९ र ३० | सार्वनामिक | उनीहरू | |
| | पुनरावृत्ति | त्यहाँ | विदेशमा |
| | सार्वनामिक | हाम्रा | |
| | संयोजक | पनि | |
| ३० र ३१ | स्थानिक | सपनाको देश | |
| ३१ र ३२ | संयोजक | अनि | |
| | निपात | त | |
| | कालिक | बुढ्यौलीमा | |
| | संयोजक | भए पनि | |
| | निपात | कि | |
| ड. | स्थानिक | ओछ्यानमा | |

माथिको तालिका अनुसार वाक्य सङ्ख्या २१ र २२ मा तीन स्थानिकका साथै एक संयोजक र एक सार्वनामिक सम्बद्धकको प्रयोग देखिन्छ । सूचक वाक्य टमा कुनैपनि सम्बद्धकको प्रयोग भएको पाइदैन । त्यसैगरी वाक्यसंङ्ख्या २२ र २३ लाई हेर्दा आत्मवाचक, कालिक, निपात र सार्वनामिक सम्बद्धक शब्दहरूको प्रयोग भएको पाइन्छ । वाक्य सङ्ख्या २३ र २४ मा अनि र

टुलुटुलु शब्दहरूपुनरावृत्ति भएका पाईन्छन् । यसका सथै यस वाक्य श्रेणीमा आत्मावाचक, संयोजक/पुनरावृत्ति, स्थानिक, कालिक, सार्वनामिक सम्बद्धकहरूप्रयुक्त भएका छन् । वाक्य सङ्ख्या २४ र २५ मा स्थानिक, संयोजक, कालिक, आत्मवाचक र निपात सम्बद्धकको प्रयोगले मनोवादको शृङ्खलालाई जोड्नेकाम गरेको पाइन्छ । वाक्य सङ्ख्या २५ र २६ मा दुई संयोजक र एक पश्चसन्दर्भकको प्रयोग भएको छ भने सूचक वाक्य ठमा एक स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ । वाक्य सङ्ख्या २६ र २७ मा दुई संयोजक र दुई सार्वनामिकका साथै एक कालिक र एक स्थानिक सम्बद्धकको प्रयोग भएको पाइन्छ । त्यसैगरी वाक्य सङ्ख्या २७ र २८ मा सार्वनामिक, स्थानिक, संयोजक जस्ता सम्बद्धकको प्रयोग भएको पाइन्छ । वाक्य सङ्ख्या २८ र २९ मा अग्रसन्दर्भक, संयोजक, सार्वनामिक, स्थानिक, कालिक, आत्मवाचक जस्ता सम्बद्धकको प्रयोग भएको पाइन्छ । वाक्य सङ्ख्या २९ र ३० मा दुई ओटा सार्वनामिकका साथै एक एक ओटा पुनरावृत्ति र संयोजक सम्बद्धकले मनोवादलाई श्रृङ्खलित बनाउने कार्य गरेको छ । वाक्य सङ्ख्या ३० र ३१ का लागि एकमात्र स्थानिक सम्बद्धकको प्रयोग भएको छ भने वाक्य सङ्ख्या ३१ र ३२ मा संयोजक र निपात दुई पटक दहोरीएर आएका छन् भने एउटा कालिक सम्बद्धकको प्रयोग भएको पाइन्छ । वाक्य सङ्ख्या डमा ओछ्यानमा एकमात्र स्थानिक संयोजकका रूपमा आएको छ ।

यसप्रकार यस वाक्य शृङ्खलामा पनि विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले मनोवादलाई सुगठित र पठनयोग्य बनाएका छन् ।

### ४.२.५ निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा २ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या ३३ देखि ४६ सम्म जम्मा १४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३३. जिन्दगीमा सबै कुराले पुगिसरी कसको पो हुन्छ र ?

*३४. म आमाबाबुको माया पाउन र घरको आर्थिक व्यवस्थापन गर्न अलिकति चुकेको भए पनि कर्म गरेर भाग्य चम्काउनेहरूमध्येमै पर्छु ।*

*३५. शिक्षण पेसाको उच्चतम प्रतिष्ठा मानिने प्राध्यपक डाक्टरको सम्मान मलाई प्राप्त छ ।*

*३६. नेपाली भाषा र भाषाविज्ञानका क्षेत्रमा मेरो नाम धेरैले आदरपूर्वक नै लिन्छन् ।*

*३७. मैले लेखेका र बोलेका कुराहरूले देशमै बहस निम्त्यउँछन् ।*

*३८. मैले पढाएका विद्यार्थीहरूदेशविदेशमा नाम र दाम कमाएर बसेकाछन् ।*

*३९. राष्ट्रपति नै कुनै समयकी मेरै विद्यार्थी हुन् ।*

*४०. मेरो भाषासेवी व्यक्तित्वको कदर गर्दै विभिन्न व्यक्ति तथा सङ्घ संस्थाहरूले सम्मानित तथा पुरस्कृत गरेको छन् ।*

*४१. आहारविहार तथा घरायसी केही कुराहरूसँग जोडीएका केही कमजोरीहरूलाई हेरेर स्थानीय स्तरमा मेरो आलोचना पनि हुन्छ ।*

*४२. त्यसलाई म स्वाभाविक पनि मान्छु तर मेरा धेरै विद्यार्थीहरूले मेरो शिक्षणको प्रशंसा गरेको देख्ता म खुसी पनि हुन्छु ।*

*४३. हुन त मैले शिक्षणमा जानाजान र भ्याई नभ्याई पनि नपढाएर ठग्ने काम गरिनँ ।*

*४४. प्राध्यापक भएपछि नपढाउने धेरै साथीहरूछन् तर, मैले कहिल्यै प्राध्यापक हुनुको अहम् पालिनँ ।*

*४५. आफ्ना विद्यार्थीका समस्याका समाधानमा जुट्ता नै मलाई आनन्द आउँछ ।*

*४६. विद्यार्थीहरूप्रतिको यही सहयोगी भावना नै देशदेशावरमा रहेका मेरा विद्यार्थीहरूले सम्झिने कारण हो भन्नुमा मलाई अत्युक्ति भएजस्तो लाग्दैन ।*

*ढ. (खुइ...य गर्छन्, मोबाइल फोन बालेर पल्ला खाटतिर हेर्छन् ।*

*ण. श्रीमती निदाइरहेकै हुन्छिन् ।)*

निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ५

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| ३२ र ३३ | सार्वनामिक | कसको | |
| | निपात | पो | |
| | निपात | र | |
| ३३ र ३४ | सार्वनामिक | म | |
| | संयोजक | र | |
| | स्थानिक | घरको | |
| | संयोजक | भए पनि | |
| | सार्वनामिक | भाग्य चम्काउनेहरू | |
| ३४ र ३५ | स्थानिक | उच्चतम | |

| | | | |
|---|---|---|---|
| | आत्मवाचक | मलाई | |
| ३५ र ३६ | सार्वनामिक | मेरो | |
| | निपात | नै | |
| ३६ र ३७ | आत्मवाचक | मैले | |
| | संयोजक | र | |
| | स्थानिक | देशमै | |
| ३७ र ३८ | आत्मवाचक | मैले | |
| | सार्वनामिक | विद्यार्थीहरू | |
| | स्थानिक | देशविदेशमा | |
| | संयोजक | र | |
| ३८ र ४९ | निपात | नै | |
| | कालिक | कुनै समय | |
| | आत्मवाचक | मेरै | |
| ३९ र ४० | संयोजक | तथा | |
| | संयोजक | तथा | |
| ४० र ४१ | लोप | - | मेरो |
| | संयोजक | तथा | |
| | सार्वनामिक | मेरो | |
| | संयोजक | पनि | |
| ४१ र ४२ | प्रथम पुरुष | म | |
| | निपात | पनि | |
| | संयोजक | तर | |
| | आत्मवाचक | मेरो | |
| | प्रथम पुरुष | म | |
| ४२ र ४३ | संयोजक | हुन त | |
| | संयोजक | र | |
| | संयोजक | पनि | |
| ४३ र ४४ | कालिक | भएपछि | |
| | संयोजक | तर | |

| | | | |
|---|---|---|---|
| | कालिक | कहिल्यै | |
| ४४ र ४५ | आत्मवाचक | आफ्ना | |
| | निपात | नै | |
| | प्रथम पुरुष | मलाई | |
| ४५ र ४६ | पश्च सन्दर्भक | यही | |
| | निपात | नै | |
| | स्थानिक | देशदेशावरमा | |
| | प्रथम पुरुष | मलाई | |
| ढ. | स्थानिक | पल्ला खाट | |
| ण. | - | - | |

माथिको तालिका अनुसार वाक्य सङ्ख्या ३२ र ३३ मा दुई निपात र एक सार्वनामिक सम्वद्धकको प्रयोग भएको पाइन्छ । त्यसैगरी वाक्य सङ्ख्या ३३ र ३४ मा दुई सार्वनामिक दुई संयोजक र एक स्थानिक सम्बद्धकको प्रयोग भएको छ । वाक्य सङ्ख्या ३४ र ३५ मा एक स्थानिक र एक आत्मवाचक त्यसै गरी वाक्य सङ्ख्या ३५ र ३६ मा एक सार्वनामिक एक निपात सम्बद्धकको प्रयोग भएको छ । वाक्य सङ्ख्या ३६ र ३७ मा आत्मवाचक, संयोजक र स्थानिक तीन सम्बद्धकहरूले भाषिक जोर्नीको काम गरेका छन् । वाक्य सङ्ख्या ३७ र ३८ फरक फरक प्रकृतिका चार सम्बद्धकहरूको उपस्थिति छ जसमा आत्मवाचक, सार्वनामिक, स्थानिक र संयोजक रहेका छन् । वाक्य सङ्ख्या ३८ र ४९ मा निपात, कालिक र आत्मवाचक गरी तीन प्रकारका सम्बद्धकहरूको उपस्थिति छ । त्यसै गरी ३९ र ४० वाक्य सङ्ख्यामा दुई संयोजकहरूरहेका छन् । ४० र ४१ वाक्य सङ्ख्यामा लोप, संयोजक, सार्वनामिक सम्बद्धकहरूप्रयोग भएका छन् । ४१ र ४२ वाक्य सङ्ख्यामा म प्रथम पुरुष पुनरावृत्ति भएका देखिन्छ साथै पनि निपात, तर संयोजक, मेरो आत्मवाचकको प्रयोग भएको छ । वाक्य सङ्ख्या ४२ र ४३ मा तीन ओटा संयोजक प्रयोग भएका छन् । वाक्य सङ्ख्या ४३ र ४४ मा दुई कालिकका साथै तर संयोजकको उपस्थिति देखिन्छ । वाक्य सङ्ख्या ४४ र ४५ मा आत्मवाचक, निपात र प्रथम पुरुष प्रयोग भएका छन् । वाक्य सङ्ख्या ४५ र ४६ मा पश्च सन्दर्भक, निपात, स्थानिक र प्रथम पुरुष प्रयुक्त देखिन्छन् । वाक्य सङ्ख्या ढ मा स्थानिकको प्रयोग रहेको छ भने ण वाक्य सङ्ख्यामा कुनै पनि सम्बद्धकको प्रयोग देखिदैन ।

यसरी वाक्यात्मक संरचनालाई परिपूर्णता प्रदान गर्न विभिन्न सम्बद्धकहरूभाषिक जोर्नीका रूपमा प्रयोग भएका छन् ।

### ४.२.६ निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा वाक्य सङ्ख्या ४७ देखि ५४ सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*४७. मप्रति सद्भाव राख्ने आलोचकहरूले मलाई त्रि.वि.मा रेक्टर, रजिष्टार, कुलपति हुने मान्छे, धरान इटहरी हल्लिएर जिन्दगी वितायो पनि भन्छन् ।*

*४८. प्रजातन्त्रका प्राप्तिका लागि पूर्वप्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराईसँग जेल बसेको साथै भैरहवा, भोजपुर, गोरखा, धनकुटा, धरान, इटहरीलगायत ठाउँका क्याम्पसहरूमा प्राध्यापन र प्रशासनको अनुभव बटुलेका मेरा बारेमा तिनैले त्यति सोचिदिनु अस्वाभाविक पनि होइन ।*

*४९. उस्तै परे त्यति मात्र नभएर म सांसद वा मन्त्री नै पनि हुन सक्थेँ होला तर प्राध्यापनमा पाएको आत्मसन्तुष्टि र शुभचिन्तकहरूको सद्भाव पाउने थिइनँ होला ।*

*५०. धेरै पैसा कमाउन वा कमाएको पैसाको सदुपयोग गरेर सुखी हुनमा कतै चुके पनि शिक्षणका क्षेत्रमा दशकौँ उही रूपमा लागिरहन सक्नु र सबैको सद्भाव पाउनु नै मेरो जीवनको सबै थोक हो ।*

*५१. जीवन भनेको कुनै निश्चित गन्तव्य नभएर निरन्तरको यात्रा हो ।*

*५२. यहि यात्राले मानिसलाई विकासको पथतिर लैजान्छ ।*

*५३. भोलि म र मेरा सन्ततिका थप विकासका लागि छोराका परिवारको आजको यात्रा सहयोगी हुन्छ ।*

*५४. त्यसैले मैले वसुधैव कुटुम्बकम् भन्ने ठानी यसमा अब खुसी हुनुपर्छ ।*

निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ६

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ४६ र ४७ | प्रथम पुरुष | मप्रति | |
| | प्रथम पुरुष | मलाई | |
| | स्थानिक | त्रि.वि.मा | |
| | स्थानिक | धरान | |
| | स्थानिक | इटहरी | |
| | निपात | पनि | |
| ४७ र ४८ | संयोजक | साथै | |
| | स्थानिक | भैरहवा | |
| | स्थानिक | भोजपुर | |
| | स्थानिक | गोरखा | |
| | स्थानिक | धनकुटा | |
| | स्थानिक | धरान | |
| | स्थानिक | इटहरी | |
| | संयोजक | र | |
| | तृतीय पुरुष | तिनैले | |
| | अग्रसन्दर्भक | त्यति | |
| | संयोजक | पनि | |
| ४८ र ४९ | अग्रसन्दर्भक | त्यति | |
| | प्रथम पुरुष | म | |
| | संयोजक | वा | |
| | निपात | नै | |
| | संयोजक | पनि | |
| | संयोजक | तर | |
| | संयोजक | र | |
| ४९ र ५० | संयोजक | वा | |
| | संयोजक | पनि | |

| | | | |
|---|---|---|---|
| | संयोजक | र | |
| | निपात | नै | |
| | प्रथम पुरुष | मेरो | |
| ५० र ५१ | | - | |
| ५१ र ५२ | अग्रसन्दर्भक | यहि | |
| ५२ र ५३ | कालिक | भोलि | |
| | प्रथम पुरुष | म | |
| | संयोजक | र | |
| | प्रथम पुरुष | मेरा | |
| | कालिक | आज | |
| ५३ र ५४ | प्रथम पुरुष | मैले | |
| | कालिक | अब | |

माथि उल्लिखित तालिका अनुसार वा.सं.४६ र ४७ मा दुई ओटा प्रथम पुरुष, तीन ओटा स्थानिक र एक निपात सम्बद्धकको उपस्थिति रहेको छ । वा.सं.४७ र ४८ मा छ ओटा स्थानिक, तीन ओटा संयोजक र एकएक ओटा तृतीय पुरुष र अग्रसन्दर्भकको प्रयोग भएको पाइन्छ । वा.सं.४८ र ४९ मा चार ओटा संयोजकका सथै एकएक ओटा  अग्रसन्दर्भक, प्रथम पुरुष र निपातको प्रयोग भएको पाइन्छ । वा.सं.४९ र ५० मा तीन संयोजक एक निपात र एक प्रथम पुरुषको प्रयोग भएको पाइन्छ । वा.सं. ५० र ५१ मा कुनै संयोजकको उपस्थिति देखिदैन भन वा.सं. ५१ र ५२ मा यहि अग्रसन्दर्भकको प्रयोग भएको छ । त्यसैगरी ५२ र ५३ वा.सं.मा कालिक र प्रथम पुरुष दुईदुई ओटाका साथै एक संयोजकको प्रयोग भएको छ । सथै वा.सं.५३ र ५४ मा मैले प्रथम पुरुषका रूपमा र अब शब्द कालिक सम्बद्धकका रूपमा आएको छ ।

यसरी वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूले वाक्यको आन्तरिक र आन्तरवाक्यीय संरचनालाई जोड्ने काम गरेका छन् ।

### ४.२.७ निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा एउटा सूचक वाक्यका साथै वाक्य सङ्ख्या ५५ देखि ६६ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*त. (अर्कापट्टि पल्टिँदै)*

*५५. महेन्द्र क्याम्पस धरानबाट आउने नियमित पेन्सन तथा जनता बहुमुखी क्याम्पस इटहरीबाट आउने तलबको सदुपयोग गरी सकेसम्म बूढाबूढी रमाएर सन्ततिहरूलाई आशीर्वाद दिई उत्तरोत्तर प्रगतिको कामना गर्नुपर्छ मैले ।*

*५६. बचेको समय भाषा तथा साहित्य र समाजका सेवामा लगाउनु पर्ने छ ।*

*५७. आफ्ना केही पुस्तकहरूको पुनर्लेखन तथा पुनर्मुद्रण गर्नुपर्ने छ ।*

*५८. अस्ति क्यानाडाबाट फोन गरेर छोरो सम्मानस्वरूप पाएका प्रमाणपत्र/कदरपत्र चिनो आदिलाई जतन गरी राख्नुहोला, पछि हाम्रा लागि ती गौरव हुनेछन् भन्दै थियो ।*

*५९. तिनको संरक्षण पनि गर्नुपर्ने छ ।*

*६०. म जस्ता मान्छेले हङकङ, बङ्गलादेश, भारतका विभिन्न सहरहरूमा डुल्न पाउनु पनि गौरवको कुरा हो ।*

*६१. अब उस्तै परे क्यनानाडा र अमेरिका पनि डुल्न पाइएला ।*

*६२. उतै स्थायी रूपमा त बस्न नसकिएला तर डुलेर आई यहाँ साथीसँगी र विद्यार्थीहरूलाई उताका अनुभव सुनाउँदा कति आनन्द होला ।*

*६३. आखिर जिन्दगी जिउन जाने जित हो नि ।*

*६४. मेरा प्राज्ञिक पाटाबाट त जिन्दगी जितमा बदलिएको छ ।*

*६५. मैले जिन्दगीको एउटा यात्रा सफलतापूर्वक पूरा गरेँ ।*

*६६. अब बाँकी यात्रा के कस्तो हुन्छ हेर्दै जाऊँ ।*

निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ७

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| त. | स्थानिक | अर्कापट्टि | |
| ५४ र ५५ | स्थानिक | धरान | |
| | संयोजक | तथा | |
| | स्थानिक | इटहरी | |
| | प्रथम पुरुष | मैले | |
| ५५ र ५६ | संयोजक | तथा | |
| | संयोजक | र | |
| ५६ र ५७ | अत्मवाची | आफ्ना | |
| | संयोजक | तथा | |
| ५७ र ५८ | कालिक | अस्ति | |
| | स्थानिक | क्यानाडाबाट | |
| | कालिक | पछि | |
| | प्रथम पुरुष | हाम्रा | |
| | अग्रसन्दर्भक | ती | |
| ५८ र ५९ | अग्रसन्दर्भक | तिनको | |
| | संयोजक | पनि | |
| ५९ र ६० | प्रथम पुरुष | म | |
| | स्थानिक | हङकङ | |
| | स्थानिक | बङ्गलादेश | |
| | स्थानिक | भारत | |
| | संयोजक | पनि | |
| ६० र ६१ | कालिक | अब | |
| | स्थानिक | क्यनानाडा | |
| | संयोजक | र | |
| | स्थानिक | अमेरिका | |

| | | | |
|---|---|---|---|
| | संयोजक | पनि | |
| ६१ र ६२ | स्थानिक | उतै | क्यनानाडा र अमेरिका |
| | निपात | त | |
| | संयोजक | तर | |
| | स्थानिक | यहाँ | नेपाल |
| | संयोजक | र | |
| ६२ र ६३ | निपात | नि | |
| ६३ र ६४ | प्रथम पुरुष | मेरा | |
| | निपात | त | |
| ६४ र ६५ | प्रथम पुरुष | मैल | |
| ६५ र ६६ | संयोजक | अब | |

माथिको तालिका अनुसार वा.सं. त मा एक स्थानिक शब्द अर्कापट्टिको प्रयोग भएको पाइन्छ । वा.सं. ५४ र ५५ मा धरान र इटहरी दुई स्थानिक शब्दहरूका साथै एक संयोजक र एक प्रथम पुरुषको प्रयोग देखिन्छ ।  वा.सं. ५५ र ५६ मा दुई संयोजक रहेका छन् । वा.सं. ५६ र ५७ मा एक आत्मवाची र एक संयोजकको प्रयोग भएको छ । वा.सं. ५७ र ५८ मा भने दुई ओटा कालिक, एकएक ओटा स्थानिक, प्रथम पुरुष र अग्रसन्दर्भकको उपस्थिति रहेको छ । वा.सं. ५८ र ५९ मा अग्रसन्दर्भक र संयोजकको प्रयोग भएको छ । ५९ र ६० वा.सं. मा म प्रथम पुरुषका रूपमा उपस्थित छ भने हङकङ, बङ्गलादेश, भारत जस्ता स्थानिक र पनि संयोजकसमेत प्रयोग भएको छ । वा.सं.६० र ६१ मा दुई स्थानिक, दुई संयोजक र एक कालिक सम्बद्धको उपस्थिति रहेको पाइन्छ । यसैगरी वा.सं. ६१ र ६२ लाई हेर्दा दुई स्थानिक एक निपात र दुई संयोजकको उपस्थिति रहेको पाईन्छ । वा.सं. ६२ र ६३ मा एक मात्र सम्बद्धक निपातको उपस्थिति रहेको छ भने ६३ र ६४ वा.सं. मा एक प्रथम पुरुष र अर्को निपात सम्बद्धकको उपस्थिति छ । वा.सं.६४ र ६५ मा प्रथम पुरुष मैल को उपस्थिति छ भने वा.सं.६५ र ६६ मा अब संयोजक ले भाषिक जोर्नीको काम गरेको छ ।

यसरी प्रस्तुत अनुच्छेदमा प्रयोग भएका सम्बद्धकहरूले भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई अन्वितिपूर्ण बनाउन सहयोगीको काम गरेका छन् ।

### ४.२.८ निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा ३ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या ६७ देखि ८८ सम्म जम्मा २२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*थ. (केही बेर घोरिएर)*

*६७. अँ साँच्चि, मेरो अभिनन्दन ग्रन्थ निकाल्ने अरे ।*

*६८. आफ्नो प्रशंसा कसले रुचाउँदैन र ?*

*६९. देवता त पूजा खोज्दछन् तर खै किन हो मलाई यो अलिक बढी भयो कि जस्तो लागेको छ ।*

*७०. सङ्खुवासभामा मजस्तै दुखिया साहित्यकार अनिल पौडेलले यो कुरा सुनाउँदा मैले नगरौँ पनि भनेको थिएँ ।*

*७१. उहाँले यो तपाईं व्यक्तिलाई नभएर प्रवृत्तिलाई हो र यो सुरुवात मात्र हो भन्नु भएको थियो ।*

*७२. म चुप लागेँ त्यस बेला ।*

*७३. अहिले पनि सम्झन्छु : अखिर मैले गरेँ नै के र ?*

*७४. हो, म यस अबस्थामा आइपुग्न वर्गीय धरातलले दिँदैनथ्यो तर समाजले मलाई यसरी नै माया दिएकाले आइपुगेको हुँ ।*

*७५. मैले देश  र जनतालाई खासै के पो दिएको छु र ?*

*७६. परिस्थितिले आई.जी., मन्त्री, राष्ट्रपति सम्मलाई पढाउने सौभाग्य पाएँ ।*

*७७. फट्टफुट्ट लेखेँ, यही न हो ।*

*७८. यी सबै काम जागिरका सिलसिला हुन् ।*

*७९. अँ, केही नयाँ विचार चाहिँ पोखेको छु तर तिनीहरूको खासै असर चाहिँ परेको छैन तैपनि नागरिक अभिनन्दन गर्छन् अरे ।*

*८०. मैले यसलाई मेरो अभिनन्दन नभएर भाषासाहित्यका सबै सेवकहरूको अभिनन्दन ठानेको छु ।*

*८१. जे गरुन्, आफू यता जा भन्दा यतै जाने, त्यता जा भन्दा त्यतै जाने ।*

*८२. यसबाट अरूलाई पनि प्रेरण हुन्छ होला ।*

*८३. मेरो चलअचल सम्पत्ति भन्नु पो के छ र ?*

*८४. मेरो सम्पत्ति भनेकै यही समाज हो ।*

*८५. समाजले मलाई यहाँभन्दा के देओस् त ?*

*८६. त्यसैले ठीकै पनि छ ।*

*द. (घडी हेर्दै ।)*

*८७. ओहो, एक बज्न पो आँटेछ ।*

*८८. भोलि बिहानै छोरीज्वाइँ र नानीहरूसँग पशुपतिनाथको दर्शन गर्न जाने भनेको अबेर सम्म निदाइएला नि फेरि ।*

*ध. (लामो सास तानेर निदाउने बल गर्छन् ।)*

निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ८

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| थ. | कालिक | केही बेर | |
| ६६ र ६७ | निपात | अँ | |
| | प्रथम पुरुष | मेरो | |
| | निपात | अरे | |
| ६७ र ६८ | आत्मवाची | आफ्नो | |
| | निपात | र | |
| ६८ र ६९ | निपात | त | |
| | संयोजक | तर | |
| | निपात | खै | |
| | प्रथम पुरुष | मलाई | |
| | अग्रसन्दर्भक | यो | अभिनन्दन |
| | निपात | कि | |
| ६९ र ७० | स्थानिक | सङ्खुवासभा | |
| | प्रथम पुरुष | मजस्तै | |
| | प्रथम पुरुष | मैले | |

| | | | |
|---|---|---|---|
| | निपात | पनि | |
| ७० र ७१ | अग्रसन्दर्भक | यो | अभिनन्दन |
| | द्वितीय पुरुष | तपाईं | |
| | संयोजक | र | |
| ७१ र ७२ | प्रथम पुरुष | म | |
| | कालिक | त्यस बेला | |
| ७२ र ७३ | कालिक | अहिले | |
| | निपात | पनि | |
| | प्रथम पुरुष | मैले | |
| | निपात | नै | |
| | निपात | र | |
| ७३ र ७४ | निश्चय | हो | |
| | प्रथम पुरुष | म | |
| | संयोजक | तर | |
| | प्रथम पुरुष | मलाई | |
| | निपात | नै | |
| ७४ र ७५ | प्रथम पुरुष | मैले | |
| | स्थानिक | देश | नेपाल |
| | निपात | र | |
| | निपात | पो | |
| | निपात | र | |
| ७५ र ७६ | | - | |
| ७६ र ७७ | निपात | न | |
| ७७ र ७८ | अग्रसन्दर्भक | यी | |
| ७८ र ७९ | निपात | अँ | |
| | संयोजक | तर | |
| | तृतीय पुरुष | तिनीहरूको | |
| | संयोजक | तैपनि | |
| ७९ र ८० | प्रथम पुरुष | मैले | |

| | | | |
|---|---|---|---|
| | अग्रसन्दर्भक | यसलाई | अभिनन्दनलाई |
| | प्रथम पुरुष | मेरो | |
| ८० र ८१ | आत्मवाची | आफू | |
| | पुनरावृत्ति | जा | |
| | पुनरावृत्ति | जाने | |
| ८१ र ८२ | संयोजक | पनि | |
| ८२ र ८३ | सार्वनामिक | मेरो | |
| | विपरितार्थक | चल अचल | |
| | निपात | पो | |
| | निपात | र | संयोजक हैन |
| ८३ र ८४ | सार्वनामिक | मेरो | |
| ८४ र ८५ | सार्वनामिक | मलाई | |
| | निपात | त | |
| द. | - | - | |
| ८५ र ८६ | निपात | पनि | संयोजक हैन |
| ८६ र ८७ | निपात | पो | |
| ८७ र ८८ | कालिक | भोलि बिहानै | |
| | संयोजक | र | |
| | कालिक | अबेर | |
| | निपात | नि | |
| ध. | - | - | |

माथिको तालिका अनुसार सूचक वा.सं. थ. मा केही बेर शब्द कालिक सम्बद्धकको रूपमा उपस्थित भएको छ । वा.सं. ६६ र ६७ मा दुई ओटा निपात र एउटा प्रथम पुरुषको उपस्थिति भएका छन् । वा.सं. ६७ र ६८ मा आत्मवाची र निपात प्रयोग हुनुका साथै ६८ र ६९ वा.सं.मा तीन ओटा निपातका साथै एकएक ओटा संयोजक, प्रथम पुरुष र अग्रसन्दर्भकको उपस्थिति छ । वा.सं. ६९ र ७० मा दुई प्रथम पुरुष एक स्थानिक र एक निपातको प्रयोग भएका छन् । वा.सं.७० र ७१ मा अग्रसन्दर्भक, द्वितीय पुरुष र संयोजक को प्रयोग भएको छ । वा.सं.७१ र ७२ मा एउटा प्रथम पुरुष र एउटा कालिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं.७२ र ७३ मा

तीन ओटा निपात एउटा कालिक र एउटा प्रथम पुरुषले सम्बद्धकको भूमिका निभाएका छन् । वा.सं.७३ र ७४ मा दुई ओटा प्रथम पुरुष, एकएक ओटा निश्चय, संयोजक र निपातको प्रयोग भएको पाइन्छ । वा.सं.७४ र ७५ मा तीन निपात एक प्रथम पुरुष र एक स्थानिक सम्बद्धकको उपस्थिति रहेको छ । वा.सं. ७५ र ७६ मा कुनैपनि सम्बद्धकको प्रयोग भएको छैन । वा.सं.७६ र ७७ मा न निपातका रूपमा आएको छ । वा.सं.७७ र ७८ मा यी शब्दले अग्रसन्दर्भकको भूमिका खेलेको छ । वा.सं.७८ र ७९ मा दुई संयोजक एकएक ओटा निपात र तृतीय पुरुषले सम्बद्धकको कार्य गरेका छन् । वा.सं. ७९ र ८० मा दुई ओटा प्रथम पुरुष र एक अग्रसन्दर्भकले सम्बद्धकको काम गर्दछन् । वा.सं. ८० र ८१ मा दुई ओटा पुनरावृत्ति र एउटा आत्मवाची आएका छन् । वा.सं. ८१ र ८२ मा एउटा मात्र सम्बद्धक संयोजकको उपस्थिति रहेको छ । वा.सं. ८२ र ८३ मा पो र र  दुई निपात शब्दहरूप्रयोग भएका छन् साथै सार्वनामिक र विपरितार्थक सम्बद्धकहरूको उपस्थिति देखिन्छ । वा.सं. ८३ र ८४ मा एक मात्र मेरो सार्वनामिक शब्द र वा.सं.८४ र ८५ सार्वनामिक र निपात दुई सम्बद्धकको प्रयोग भएको छ । निर्देशक वा.सं. द मा कुनैपनि सम्बद्धकको प्रयोग भएको छ । वा.सं.८५ र ८६ मा पनि निपात र वा.सं.८६ र ८७ मा पो निपातको प्रयोग भएको छ । वा.सं. ८७ र ८८ मा दुई कालिक र एकएक ओटा संयोजक निपातको प्रयोग भएको छ । सूचक वा. सं. ध मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन ।

यस्ता विविध प्रकारका सम्बद्धकको प्रयोगले गर्दा सिङ्गो अनुच्छेद सिलसिलेवार र अर्थपूर्ण बन्न पुगेको  देखिन्छ ।

### ४.३ निष्कर्ष

निर्धारित मनोवादमा १९ ओटा  निर्देशक तथा सूचक वाक्यहरूर अन्य ८८ ओटा वाक्यहरूगरी जम्मा १०७ ओटा वाक्यहरूरहेका छन् । उक्त वाक्यहरूलाई अनुच्छेदगत रूपमा भिन्ना भिन्नै वर्गीकरण गरी भाषिक जोर्नीका रूपमा रहेका सम्बद्धकहरूको पहिचान र विश्लेषण गरीएको छ । यस मनोवादमा प्रयुक्त प्रमुख सम्बद्धकहरूमा व्याकरणिक संसक्ति अन्तर्गतका सार्वनामिक संसक्ति, स्थानिक संसक्ति, कालिक संसक्ति, संयोजक, प्रतिस्थापन, लोप, निपातका साथै कोशीय संसक्तिहरूपुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, र समावेशात्मकता आदि रहेका छन् । जस मध्येमा पनि निपात र संयोजकको प्रयोगमा बाहुल्यता पाइन्छ ।

यसरी प्रस्तुत मनोवादमा आवश्यक मात्रामा उपयुक्त ढंगले नै सम्बद्धकहरूको प्रयोग गरीएको छ । सम्बद्धको उपस्थितिमा पूर्वपर सूचनाहरूको संयोजन भएको देखिन्छ । बीच बीचमा संकेतबोधक वाक्यहरूले पनि पर्यावरण र परिवेशका वारेमा सूचित गर्दै पाठलाई अन्बितिपूर्ण र सम्प्रेषणीय

बनाएको देखिन्छ । निष्कर्षत : *'सपरिवार छोराले देश छोडेको रात'* मनोवाद सम्बद्धकको प्रयोगका दृष्टिले उपयुक्त रहेको छ ।

### ४.४ *'सपरिवार छोराले देश छोडेको रात'* मनोवादमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

सम्बद्धकको विश्लेषणमा जस्तै सम्बद्धनको विश्लेषणमा पनि यस सिङ्गो पाठ (मनोवाद) लाई आठ अनुच्छेदमा विभाजन गरी ती अनुच्छेदमा निहित वाक्यलाई पनि अलग अलग रूपमा छुट्ट्याइएको छ । ती वाक्यलाई सङ्ख्यात्मक रूपमा व्यक्त गरिएको छ । ती वाक्यका बिच के कस्ता अर्थगत सङ्केतहरू रहेका छन् भनी तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

#### ४.४.१ निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा निर्देशक तथा सूचक वाक्यहरूव्यञ्जन वर्णानुक्रममा क देखि छ सम्म ७ वटा र वाक्य सङ्ख्या १ देखि ९ सम्म जम्मा ९ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

वा.सं.

*क. स्थान : काठमाडौंको मगर गाउँस्थित छोरीको घरको सुत्ने कोठा*

*ख. समय : राति दश बजे*

*ग. पात्र : टङ्कप्रसाद न्यौपाने*

*घ. टङ्कप्रसाद न्यौपाने ओछ्यानमा पल्टिएर निदाउन प्रयास गरिरहेका छन् ।*

*ङ छेउमा पानीको जग र गिलास छ ।*

*च. बाहिरबाट घ्यार्रघुर्र गाडी कराएको आवाज मात्र आउँछ ।*

*छ. गिलासबाट पानी खाएर बत्ती मारी ओछ्यानमा पल्टँदै*

*१. साँच्चि, केटाकेटीहरूअहिले कहाँ उडिरहेका होलान् ।*

*२. कति ठाउँमा  जहाज बिसाउँदै र फेर्दै कति घण्टापछि अमेरिका पुग्ने हुन् ?*

*३. नातिहरूअमेरिका जान पाएकामा अहिले त खुसी नै होलान् तर त्यहाँ पुगेपछि नेपाल सम्झेर नियास्रो पो मान्ने हुन् कि ?*

*४. तिनलाई हजुरबा हजुरआमाको (हाम्रो) पनि त सम्झना आउँदो हो नि ।*

*५. हुन त केटाकेटीका लागि जहाँ आफ्ना आमाबाबु त्यहीँ आफ्नो घर भन्ने चलन नै छ ।*

*६. जे भए पनि छोराले सपरिवार देश छाडिहाल्यो ।*

*७. अब फर्केर कहिले आउला र ?*

*८. अमेरीकामा मानिसहरूज्यादै व्यस्त हुन्छन् भनिन्छ ।*

*९. उतैको रहनसहन, उतैका साथीसँगी, छोराबुहारीले नै पनि देश र हामीलाई सम्झिन गाह्रो छ, ठिटा नातिहरूको त झन् के कुरा भयो र ?*

निर्दिष्ट मनोवादको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ९

| वा.सं. | सम्बद्धन |
|---|---|
| क र ख | अप्रत्यक्ष सम्बन्ध |
| ख र ग | अप्रत्यक्ष सम्बन्ध |
| ग र घ | स्पष्टोक्ति सम्बन्ध |
| घ र ङ | अप्रत्यक्ष सम्बन्ध |
| ङ र च | परिवश घटनाको सम्बन्ध |
| च र छ | अप्रत्यक्ष सम्बन्ध |
| १ र २ | प्रभाव प्रतिफलको सम्बन्ध |
| २ र ३ | प्रश्नार्थक सम्बन्ध |
| ३ र ४ | कार्यकारण सम्बन्ध |
| ४ र ५ | स्पष्टोक्ति सम्बन्ध |
| ५ र ६ | अप्रत्यक्ष सम्बन्ध |
| ६ र ७ | परिवश घटनाको सम्बन्ध |
| ७ र ८ | प्रश्नोत्तर सम्बन्ध |
| ८ र ९ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. क र ख, ख र ग, ग र घ, घ र ङ का साथै च र छ मा कुनै प्रकारको सोझो सम्बन्ध नदेखिएकाले अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । वा.सं. ङ मा छेउमा पानीको जग र गिलास भएको कुरा उल्लेख भएको र च ले उक्त परिवेशमा घटित घटना घ्यार्रघुर्र गाडी कराएको जनाएको हुनाले परिवेश घटनाको सम्बन्ध स्थापित भएको छ । वा.सं. १ र २ मा प्रभाव प्रतिफलको सम्बन्ध स्थापित भएको छ भने वा.सं. २ र ३ मा प्रश्नका रूपमा दुवै वाक्यहरूआएर प्रश्नार्थक सम्बन्धको स्थापित भएको छ । वा.सं.३ र ४ मा

कार्यकारण सम्बन्ध, ४ र ५ मा स्पष्टोक्ति सम्बन्ध, ५ र ६ मा अप्रत्यक्ष सम्बन्ध र ६ र ७ मा परिवेश घटनाको सम्बन्ध, ७ र ८ मा प्रश्नोत्तर सम्बन्ध र ८ र ९ वाक्यले स्पष्टोक्ति सम्बन्धको स्थापना गरेको छ ।

यसरी यस पहिलो वाक्य सङ्ख्या श्रेणीमा अप्रत्यक्ष सम्बन्धको बाहुल्य रहेको देखिन्छ ।

**४.४.२ निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा १ ओटा निर्देशक तथा सूचक वाक्यका साथै वाक्य सङ्ख्या १० देखि १७ सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*ज. (एक गिलास पानी खाँदै)*

*१०. जेठो छोरो र उसका परिवारप्रति मैले गरेको यो शङ्का अनावश्यक पनि हुन सक्छ किनभने दुई वर्षअघि यसै गरी सपरिवार क्यानाडा गएका कान्छा छोरा र बुहारीले विदेशमा भएको कुनै भान हुन दिएका छैनन् ।*

*११. दिनदिनैजसो फोन, इमेल, इन्टरनेट आदिका माध्यमबाट सम्पर्क गर्छन् ।*

*१२. सानी छोरीलाई पनि घरमा नेपाली नै बोल्न सिकाएका छन् ।*

*१३. बुहारी पनि हामी बूढाबूढीको कति ख्याल गर्छिन् ।*

*१४. पन्ध्र दिनअघि मात्र छोराले उतैबाट गुणस्तरीय आइप्याड पठाइदिएको थियो ।*

*१५. त्यो यहाँ त छ ।*

*१६. ओहो, चार्ज सकिएको थियो ।*

*१७. ठिकै छ, भोलि बिहान चार्ज गरुँला ।*

निर्दिष्ट मनोवादको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १०

| वा.सं. | सम्बद्धन |
|---|---|
| ज र १० | अप्रत्यक्ष सम्बन्ध |
| १० र ११ | स्पष्टोक्ति सम्बन्ध |
| ११ र १२ | अप्रत्यक्ष सम्बन्ध |
| १२ र १३ | अप्रत्यक्ष सम्बन्ध |
| १३ र १४ | अप्रत्यक्ष सम्बन्ध |
| १४ र १५ | स्पष्टोक्ति सम्बन्ध |
| १५ र १६ | परिवेश घटनाको सम्बन्ध |
| १६ र १७ | कारणकार्य सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. ज र १०, ११ र १२, १२ र १३, १३ र १४ मा कुनै प्रकारको सोझो सम्बन्धको स्थापना हुन नसकेका कारण अप्रत्यक्ष सम्बन्धको स्थापना भएको छ । वा.सं.१० र ११ का साथै १४ र १५ मा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं.१५ र १६ मा कुन परिवेशमा सामान भएको जनाइएको र लगत्तै चार्ज सकिएको घटना जोडिएका कारण परिवेश घटनाको सम्बन्ध रहेको र १६ र १७ मा चार्ज सकिएका कारण चार्ज गर्ने कार्य भोलिका लागि थाति राखिएबाट कारणकार्य सम्बन्ध स्थापना भएको छ ।

यसरी यस दोस्रो वा.सं. श्रेणीमा प्रयुक्त वाक्यहरूका बीचमा अप्रत्यक्ष सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, कारणकार्य सम्बन्ध जस्ता सम्बन्धनहरूप्रयोग भएका छन् ।

### ४.४.३ निर्दिष्ट मनोवादको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको तोस्रो अनुच्छेदमा २ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या १८ देखि २० सम्म जम्मा ३ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*झ. (उठ्न खोज्दै र पल्ला खाटतिर कान थाप्तै)*

*१८. ए, श्रीमती त अघि नै निदाइसकिछन् पो ।*

*१९. यता आफूलाई यत्रो छटपटी छ उनी भने ..... ।*

*२०. हुन त उनले सबै आडभरोसा मलाई नै ठानेर ढुक्क भएकी होलिन् नि, ठीकै छ ।*

*ञ. (उठेर झ्यालको पर्दा खोली बाहिर हेर्छन् र फेरि ओछ्यानमै पल्टन्छन् ।)*

निर्दिष्ट मनोवादको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. ११

| वा.सं. | सम्बद्धन |
|---|---|
| झ र १८ | अप्रत्यक्ष सम्बन्ध |
| १८ र १९ | घटना र परिवेशको सम्बन्ध |
| १९ र २० | स्पष्टोक्ति सम्बन्ध |
| २० र ञ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं. झ र १८ र २० र ञ मा कुनै प्रत्यक्ष सम्बन्ध नदेखिएका कारण अप्रत्यक्ष सम्बन्धको स्थापना भएको छ । वा.सं. १८ र १९ मा श्रीमती अघि नै निदाइसकेको घटना मा मनोवादको पात्र निदाउन नसकेर छटपटिमा पररेको परिवेश रहेका कारण त्यहाँ घटना र परिवेशको सम्बन्ध स्थापित भएको छ । वा.सं. १९ र २० मा आडभरोसा मलाई नै ठानेर ढुक्क भएकी होलिन भन्ने वाक्यले अघिल्ले वाक्यलाई स्पष्ट पार्ने कार्य गरेर स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ ।

यसरी यस तेस्रो वा.सं. श्रेणीमा प्रयुक्त वाक्यहरूका बीचमा अप्रत्यक्ष सम्बन्ध, घटना र परिवेशको सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध सम्बन्द्धनको प्रयोग भएका छन् ।

### ४.४.४ निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा ३ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या २१ देखि ३२ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*२१. भएका दुईवटै छोरा सपरिवार विदेशमा, छोरी सपरिवार काठमाडौंमा अनि हामी दुई बूढाबूढी मात्रै धरानमा ।*

*ट. (लामो सास तान्दै)*

*२२. कस्तो अभागी रहेछु म, जन्मेको ६ महिनामै आमा गुमाउनु, आमाको बिम्ब पनि नबन्नु, अरूले आमा भनेको सुनेर सन्तोष मान्नु ।*

२३. आफ्नो पौरख देखाउन नपाई बाबु अपाङ्ग हुनु अनि नातिपनाति विदेश जान पाएको हर्षको अनुभूति गर्नै नपाई बुबालाई गुमाउनु अनि यस बुढ्यौलीमा छोराछोरी नातिनातिना आदिसँग रमाउनै नपाई तिनको विदेशको बसाइँ सराइलाई टुलुटुलु हेर्दै स्वीकार्न बाध्य हुनु ।

२४. छोराछोरी जन्मायो, बढायो,पढायो, विदेश पठायो अनि बुढ्यौलीमा आफू चाहिँ एक्लै ।

२५. धिक्कार छ जिन्दगीलाई ।

ठ. (जुरुक्क उठी ओछ्यानमा बसेर सम्झँदै)

२६. हुन त यस कुरालाई नकारात्मक रूपमा मात्रै पनि हेर्नु हुँदैन ।

२७. सानैमा आमा गुमाएर विकलाङ्ग बाबुको छत्रछाया र शुभचिन्तकहरूका अशीर्वादको फलस्वरूप बढे पढेर यतिको उच्च स्थानमा पुगेको म र मेरो परिवार निम्नवर्गीय हो ।

२८. हाम्रा लागि अमेरीका, क्यानाडा जस्ता विकसित देशको भ्रमण, अझ बसोबास काबुबाहिरको कुरा हो ।

२९. धेरैका लागि त्यो सपना मात्रै हो तर, मेरा शाखासन्तान तिनै विकसित देशमा स्थायी दीर्घकालीन बसोबासका लागि जाँदैछन् भने मैले जिन्दगीप्रति धिक्कर होइन, आभार प्रकट गर्नुपर्ने हुन्छ ।

३०. उनीहरूत्यहाँ भएपछि हाम्रा लागि पनि त्यहाँ जाने बाटो खुला हुन सक्छ ।

३१. सपनाको देश डुल्न पाइन्छ ।

३२. अनि त बुढ्यौलीमा अलिकति भए पनि हाँसो थपिन्छ कि ?

ड. (एक गिलास पानी खाएर फेरि ओछ्यानमा पल्टन्छन् ।

निर्दिष्ट मनोवादको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १२

| वा.सं. | सम्बद्धन |
|---|---|
| २१ र ट | परिवेश घटनाको सम्बन्ध |
| ट र २२ | घटना परिवेश को सम्बन्ध |
| २२ र २३ | अनुक्रमबोधक सम्बन्ध |
| २३ र २४ | निहितार्थ सम्बन्ध |
| २४ र २५ | रीतिबोधक सम्बन्ध |
| २५ र ठ | शीघ्रताबोधक सम्बन्ध |
| ठ र २६ | स्मरणको सम्वन्ध |
| २६ र २७ | स्मरणको सम्वन्ध |
| २७ र २८ | स्पष्टोक्ति सम्बन्ध |
| २८ र २९ | कारणकार्य सम्बन्ध |
| २९ र ३० | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ३० र ३१ | कारणकार्य सम्बन्ध |
| ३१ र ३२ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ३२ र ड | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार २१ र ट का साथै ट र २२ वा.सं. ले परिवेश घटनाको सम्बन्ध सम्बन्ध स्थापित गरेका छन् । २१ वाक्यले परिवेश स्थापना गरेको छ भने ट ले लामो सास तान्ने घटना दर्शाएको छ । त्यसै गरी वाक्य २२ ले ट को परिवेशमा जन्मेको ६ महिनामै आमा गुमाउनु, आमाको बिम्ब पनि नबन्नु, अरूले आमा भनेको सुनेर सन्तोष मान्नु जस्ता घटनालाई दर्शाएको छ । वा.सं.२२ र २३ मा घटनाहरूकमिकरूपले अगाडि बढेका कारण अनुक्रमबोधक सम्बन्ध स्थापित भएको छ । वा.सं.२३ र २४ मा छोरा छोरीले छोडेर जाने अर्थ अघिल्लो वाक्यलाई पछिल्लो वाक्यमा पनि अर्न्तनिहित बनाइएकाले निहितार्थ सम्बन्ध स्थापित भएको छ । वा.सं.२४ र २५ मा रीतिबोधक सम्बन्ध रहेको छ भने २५ र ठ मा शीघ्रताबोधक सम्बन्ध सम्बन्ध रहेको देखिन्छ । वा.सं.ठ र २६ का साथै २६ र २७ मा जुरुक्क उठी ओछ्यानमा

बसेर सम्झिएको कुरा उल्लेख भएबाट यसमा स्मरणको सम्वन्ध देखिन्छ । वा.सं.२७ र २८ मा स्पष्टोक्ति सम्बन्ध रहेको छ भने २८ र २९ वा.सं.मा कारणकार्य सम्बन्ध स्थापित भएको छ । वा.सं. २९ र ३० मा पहिलो वाक्यको प्रभावको प्रतिफल स्वरूप दोस्रो वाक्य आएका कारण प्रभाव र प्रतिफलको सम्बन्ध स्थापित भएको छ । वा.सं.३० र ३१ मा कारणकार्य सम्बन्धको रहेको छ । ३१ र ३२ वा.सं. मा सपनाको देश डुल्न पाइने अनि बुढ्यौलीमा अलिकति भए पनि हाँसो थपिने कुरा लाई जोडेको हुनाले यहाँ प्रभाव र प्रतिफलको सम्बन्ध स्थापना भएको छ । वा.सं.३२ र ड मा कुनै प्रकारको प्रत्यक्ष सम्बन्ध स्थापना नभएका कारण अप्रत्यक्ष सम्बन्ध रहेको छ ।

### ४.४.५ निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा २ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या ३३ देखि ४६ सम्म जम्मा १४ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*३३. जिन्दगीमा सबै कुराले पुगिसरी कसको पो हुन्छ र ?*

*३४. म आमाबाबुको माया पाउन र घरको आर्थिक व्यवस्थापन गर्न अलिकति चुकेको भए पनि कर्म गरेर भाग्य चम्काउनेहरूमध्येमै पर्छु ।*

*३५. शिक्षण पेसाको उच्चतम प्रतिष्ठा मानिने प्राध्यपक डाक्टरको सम्मान मलाई प्राप्त छ ।*

*३६. नेपाली भाषा र भाषाविज्ञानका क्षेत्रमा मेरो नाम धेरैले आदरपूर्वक नै लिन्छन् ।*

*३७. मैले लेखेका र बोलेका कुराहरूले देशमै बहस निम्त्यउँछन् ।*

*३८. मैले पढाएका विद्यार्थीहरू देशविदेशमा नाम र दाम कमाएर बसेका छन् ।*

*३९. राष्ट्रपति  नै कुनै समयकी मेरै विद्यार्थी हुन् ।*

*४०. मेरो भाषासेवी व्यक्तित्वको कदर गर्दै विभिन्न व्यक्ति तथा सङ्घ संस्थाहरूले सम्मानित तथा पुरस्कृत गरेको छन् ।*

*४१. आहारविहार तथा घरायसी केही कुराहरूसँग जोडिएका केही कमजोरीहरूलाई हेरेर स्थानीय स्तरमा मेरो आलोचना पनि हुन्छ ।*

*४२. त्यसलाई म स्वाभाविक पनि मान्छु तर मेरा धेरै विद्यार्थीहरूले मेरो शिक्षणको प्रशंसा गरेको देख्ता म खुसी पनि हुन्छु ।*

*४३. हुन त मैले शिक्षणमा जानाजान र भ्याई नभ्याई पनि नपढाएर ठग्ने काम गरिनँ ।*

*४४. प्राध्यापक भएपछि नपढाउने धेरै साथीहरूछन् तर, मैले कहिल्यै प्राध्यापक हुनुको अहम पालिनँ ।*

*४५. आफ्ना विद्यार्थीका समस्याका समाधानमा जुट्ता नै मलाई आनन्द आउँछ ।*

*४६. विद्यार्थीहरूप्रतिको यही सहयोगी भावना नै देशदेशावरमा रहेका मेरा विद्यार्थीहरूले सम्झिने कारण हो भन्नुमा मलाई अत्युक्ति भएजस्तो लाग्दैन ।*

*ढ. (खुइ...य गर्छन्, मोबाइल फोन बालेर पल्ला खाटतिर हेर्छन् ।*

*ण. श्रीमती निदाइरहेकै हुन्छिन् ।)*

निर्दिष्ट मनोवादको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १३

| **वा.सं.** | **सम्बद्धन** |
|---|---|
| ३३ र ३४ | प्रश्नोत्तर सम्बन्ध |
| ३४ र ३५ | स्पष्टोक्ति सम्बन्ध |
| ३५ र ३६ | अनुक्रमबोधक सम्बन्ध |
| ३६ र ३७ | अनुक्रमबोधक सम्बन्ध |
| ३७ र ३८ | अनुक्रमबोधक सम्बन्ध |
| ३८ र ३९ | अनुक्रमबोधक सम्बन्ध |
| ३९ र ४० | अनुक्रमबोधक सम्बन्ध |
| ४० र ४१ | अनुक्रमबोधक सम्बन्ध |
| ४१ र ४२ | कारणकार्य सम्बन्ध |
| ४२ र ४३ | स्पष्टोक्ति सम्बन्ध |
| ४३ र ४४ | स्पष्टोक्ति सम्बन्ध |
| ४४ र ४५ | कार्यकारण सम्बन्ध |
| ४५ र ४६ | कार्यकारण सम्बन्ध |
| ४६ र ढ | अप्रत्यक्ष सम्बन्ध |
| ढ र ण | प्रभाव र प्रतिफलको सम्बन्ध |

माथिको तालिका अनुसार वा.सं.३३ र ३४ मा अघिल्लो वाक्यको अप्रत्यक्ष रूपमा उत्तर बोकेरर दोस्रो वाक्य आएका कारण प्रश्नोत्तर सम्बन्धको स्थापना भएको छ । वा.सं.३४ र ३५ मा स्पष्टोक्ति सम्बन्ध, ३५ र ३६ का साथै ३६ र ३७, ३७ र ३८, ३८ र ३९, ३९ र ४०, ४० र ४१ मा कमिक रूपमा घटनाहरूअगाडि बढेका कारण अनुक्रमबोधक सम्बन्ध स्थापना भएको छ । वाक्य सङ्ख्या ४१ र ४२, ४४ र ४५, ४५ र ४६ मा कारण स्वरूप कार्यहरूकले स्थान ग्रहण गरेका कारण कारणकार्य सम्बन्ध रहेको छ । वाक्य सङ्ख्या ४२ र ४३, ४३ र ४४ मास्पष्टोक्ति सम्बन्ध रहेको छ भने वाक्य सङ्ख्या ४६ र ढ मा कुनै प्रत्यक्ष सम्बन्ध नभएका कारण अप्रत्यक्ष सम्बन्ध स्थापना भएको छ । वाक्य सङ्ख्या ढ र ण मा मोबाइल फोन बालेर पल्ला खाटतिर हेरेका कारण श्रीमती निदाइरहेको थाहा भएकाले प्रभाव र प्रतिफलको सम्बन्ध स्थापना भएको छ ।

### ४.४.६ निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा वाक्य सङ्ख्या ४७ देखि ५४ सम्म जम्मा ८ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*४७. मप्रति सद्भाव राख्ने आलोचकहरूले मलाई त्रि.वि.मा रेक्टर, रजिष्टार, कुलपति हुने मान्छे, धरान इटहरी हल्लिएर जिन्दगी वितायो पनि भन्छन् ।*

*४८. प्रजातन्त्रका प्राप्तिका लागि पूर्वप्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराईसँग जेल बसेको साथै भैरहवा, भोजपुर, गोरखा, धनकुटा, धरान, इटहरीलगायत ठाउँका क्याम्पसहरूमा प्राध्यापन र प्रशासनको अनुभव बटुलेका मेरा बारेमा तिनैले त्यति सोचिदिनु अस्वाभाविक पनि होइन ।*

*४९. उस्तै परे त्यति मात्र नभएर म सांसद वा मन्त्री नै पनि हुन सक्थेँ होला तर प्राध्यापनमा पाएको आत्मसन्तुष्टि र शुभचिन्तकहरूको सद्भाव पाउने थिइनँ होला ।*

*५०. धेरै पैसा कमाउन वा कमाएको पैसाको सदुपयोग गरेर सुखी हुनमा कतै चुके पनि शिक्षणका क्षेत्रमा दशकौँ उही रूपमा लागिरहन सक्नु र सबैको सद्भाव पाउनु नै मेरो जीवनको सबै थोक हो ।*

*५१. जीवन भनेको कुनै निश्चित गन्तव्य नभएर निरन्तरको यात्रा हो ।*

*५२. यहि यात्राले मानिसलाई विकासको पथतिर लैजान्छ ।*

*५३. भोलि म र मेरा सन्ततिका थप विकासका लागि छोराका परिवारको आजको यात्रा सहयोगी हुन्छ ।*

*५४. त्यसैले मैले वसुधैव कुटुम्बकम् भन्ने ठानी यसमा अब खुसी हुनुपर्छ ।*

निर्दिष्ट मनोवादको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १४

| **वा.सं.** | **सम्बद्धन** |
|---|---|
| ४७ र ४८ | स्पष्टोक्ति सम्बन्ध |
| ४८ र ४९ | तुलनात्मक सम्बन्ध |
| ४९ र ५० | स्पष्टोक्ति सम्बन्ध |
| ५० र ५१ | स्पष्टोक्ति सम्बन्ध |
| ५१ र ५२ | स्पष्टोक्ति सम्बन्ध |
| ५२ र ५३ | स्पष्टोक्ति सम्बन्ध |
| ५३ र ५४ | सामान्य विशिष्ट |

माथिको तालिकामा उल्लेख भए अनुसार ४७ र ४८, ४९ र ५०, ५० र ५१, ५१ र ५२ का साथै ५२ र ५३ वाक्य सङ्ख्या हरूमा अघिल्लो वाक्यलाई स्पष्ट बनाउन पछिल्लो वाक्यको उपयोग भएका कारण स्पष्टोक्ति सम्बन्धको स्थापना भएको छ । वाक्य सङ्ख्या ४८ र ४९ मा भने पात्रको अबस्था र सम्भावना बीचमा तुलना गरीएका कारण तुलनात्मक सम्बन्ध रहेको छ ।

यस प्रकार यस वाक्य श्रेणीमा एउटा तुलनात्मक सम्बन्ध र बाँकी स्पष्टोक्तिको सम्बन्ध रहेको देखिन्छ ।

### ४.४.७ निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा एउटा सूचक वाक्यका साथै  वाक्य सङ्ख्या ५५ देखि ६६ सम्म जम्मा १२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*त. (अर्कापट्टि पल्टिँदै)*

*५५. महेन्द्र क्याम्पस धरानबाट आउने नियमित पेन्सन तथा जनता बहुमुखी क्याम्पस इटहरीबाट आउने तलबको सदुपयोग गरी सकेसम्म बूढाबूढी रमाएर सन्ततिहरूलाई आशीर्वाद दिई उत्तरोत्तर प्रगतिको कामना गर्नुपर्छ मैले ।*

*५६. बचेको समय भाषा तथा साहित्य र समाजका सेवामा लगाउनु पर्ने छ ।*

*५७.  आफ्ना केही पुस्तकहरूको पुनर्लेखन तथा पुनर्मुद्रण गर्नुपर्ने छ ।*

*५८. अस्ति क्यानाडाबाट फोन गरेर छोरो सम्मानस्वरूप पाएका प्रमाणपत्र/कदरपत्र चिनो आदिलाई जतन गरी राख्नुहोला, पछि हाम्रा लागि ती गौरव हुनेछन् भन्दै थियो ।*

*५९. तिनको संरक्षण पनि गर्नुपर्ने छ ।*

*६०. म जस्ता मान्छेले हङकङ, बङ्गलादेश, भारतका विभिन्न सहरहरूमा डुल्न पाउनु पनि गौरवको कुरा हो ।*

*६१. अब उस्तै परे क्यनानाडा र अमेरिका पनि डुल्न पाइएला ।*

*६२. उतै स्थायी रूपमा त बस्न नसकिएला तर डुलेर आई यहाँ साथीसँगी र विद्यार्थीहरूलाई उताका अनुभव सुनाउँदा कति आनन्द होला ।*

*६३. आखिर जिन्दगी जिउन जाने जित हो नि ।*

*६४. मेरा प्राज्ञिक पाटाबाट त जिन्दगी जितमा बदलिएको छ ।*

*६५. मैले जिन्दगीको एउटा यात्रा सफलतापूर्वक पूरा गरेँ ।*

*६६. अब बाँकी यात्रा के कस्तो हुन्छ हेर्दै जाऊँ ।*

निर्दिष्ट मनोवादको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १५

| **वा.सं.** | **सम्बद्धन** |
|---|---|
| **त र ५५** | रीतिबोधक सम्बन्ध |
| ५५ र ५६ | अनुक्रमबोधक सम्बन्ध |
| ५६ र ५७ | अनुक्रमबोधक सम्बन्ध |
| ५७ र ५८ | अप्रत्यक्ष सम्बन्ध |
| ५८ र ५९ | अनुक्रमबोधक सम्बन्ध |
| ५९ र ६० | अप्रत्यक्ष सम्बन्ध |
| ६० र ६१ | अनुमानको सम्बन्ध |
| ६१ र ६२ | अनुमानको सम्बन्ध |
| ६२ र ६३ | अप्रत्यक्ष सम्बन्ध |
| ६३ र ६४ | स्पष्टोक्ति सम्बन्ध |
| ६४ र ६५ | निहितार्थ सम्बन्ध |
| ६५ र ६६ | अनुमानको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भए अनुसार वाक्य संख्या त र ५५ मा प्रत्यक्ष सम्बन्ध नरहे पनि पात्रले सोच्ने कार्य अर्का पट्टि पल्टिएर गरेको कारण रीतिबोधक सम्बन्ध रहेको छ । वाक्य संख्या ५५ र ५६, ५६ र ५७, ५८ र ५९ मा पहिलो वाक्य र दोस्रो वाक्यमा क्रमिक रूपमा घटनाक्रम अघि बढेका कारण अनुक्रमबोधक सम्बन्धको स्थापना भएको छ । त्यसै गरी वाक्य संख्या ५७ र ५८, ५९ र ६०, ६२ र ६३ का बीचमा प्रत्यक्ष सम्बन्ध नभएका कारण अप्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ । वाक्य संख्या ६१ र ६२ का साथै ६५ र ६६ मा अनुमानको सम्बन्ध र ६३ र ६४ मा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वाक्य संख्या ६४ र ६५ मा जिन्दगी जितमा बदलिएको र जिन्दगीको एउटा यात्रा सफलतापूर्वक पूरा गरेको जनाएका कारण एक वाक्यको सम्बन्ध अर्को वाक्यसंग स्थापित भई निहितार्थ सम्बन्धको स्थापना भएको छ ।

यस प्रकार यस वाक्य श्रेणीमा अप्रत्यक्ष सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध र अनुमानको सम्बन्ध जस्ता सम्बन्द्धनहरूले पाठलाई वैचारिक निरन्तरताको सूत्रमा उन्ने काम गरेका छन् ।

### ४.४.८ निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा ३ ओटा निर्देशक तथा सूचक वाक्यहरूका साथै वाक्य सङ्ख्या ६७ देखि ८८ सम्म जम्मा २२ वटा वाक्यहरू रहेका छन् । यी वाक्यका बिचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

*थ. (केही बेर घोरिएर)*

*६७. अँ साँच्चि, मेरो अभिनन्दन ग्रन्थ निकाल्ने अरे ।*

*६८. आफ्नो प्रशंसा कसले रुचाउँदैन र ?*

*६९. देवता त पूजा खोज्दछन् तर खै किन हो मलाई यो अलिक बढी भयो कि जस्तो लागेको छ ।*

*७०. सङ्खुवासभामा मजस्तै दुखिया साहित्यकार अनिल पौडेलले यो कुरा सुनाउँदा मैले नगरौँ पनि भनेको थिएँ ।*

*७१. उहाँले यो तपाईं व्यक्तिलाई नभएर प्रवृत्तिलाई हो र यो सुरुवात मात्र हो भन्नु भएको थियो ।*

*७२. म चुप लागेँ त्यस बेला ।*

*७३. अहिले पनि सम्झन्छु : अखिर मैले गरेँ नै के र ?*

*७४. हो, म यस अबस्थामा आइपुग्न वर्गीय धरातलले दिँदैनथ्यो तर समाजले मलाई यसरी नै माया दिएकाले आइपुगेको हुँ ।*

७५. मैले देश  र जनतालाई खासै के पो दिएको छु र ?

७६. परिस्थितिले आई.जी., मन्त्री, राष्ट्रपति सम्मलाई पढाउने सौभाग्य पाएँ ।

७७. फट्टफुट्ट लेखें, यही न हो ।

७८. यी सबै काम जागिरका सिलसिला हुन् ।

७९. अँ, केही नयाँ विचार चाहिँ पोखेको छु तर तिनीहरूको खासै असर चाहिँ परेको छैन तैपनि नागरिक अभिनन्दन गर्छन् अरे ।

८०. मैले यसलाई मेरो अभिनन्दन नभएर भाषासाहित्यका सबै सेवकहरूको अभिनन्दन ठानेको छु ।

८१. जे गरुन्, आफू यता जा भन्दा यतै जाने, त्यता जा भन्दा त्यतै जाने ।

८२. यसबाट अरूलाई पनि प्रेरण हुन्छ होला ।

८३. मेरो चलअचल सम्पत्ति भन्नु पो के छ र ?

८४. मेरो सम्पत्ति भनेकै यही समाज हो ।

८५. समाजले मलाई यहाँभन्दा के देओस् त ?

८६. त्यसैले ठीकै पनि छ ।

द. (घडी हेर्दै ।)

८७. ओहो, एक बज्न पो आँटेछ ।

८८. भोलि बिहानै छोरीज्वाइँ र नानीहरूसँग पशुपतिनाथको दर्शन गर्न जाने भनेको अबेर सम्म निदाइएला नि फेरि ।

ध. (लामो सास तानेर निदाउने बल गर्छन् ।)

निर्दिष्ट मनोवादको आठौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

तालिका सङ्ख्या नं. १६

| वा.सं. | सम्बद्धन |
|---|---|
| थ र ६७ | स्मरणको सम्बन्ध |
| ६७ र ६८ | निहितार्थ सम्बन्ध |
| ६८ र ६९ | प्रश्नोत्तर सम्बन्ध |
| ६९ र ७० | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ७० र ७१ | कार्यकारण सम्बन्ध |
| ७१ र ७२ | कारणकार्य सम्बन्ध |
| ७२ र ७३ | स्मरणको सम्बन्ध |
| ७३ र ७४ | स्पष्टोक्ति सम्बन्ध |
| ७४ र ७५ | स्मरणको सम्बन्ध |
| ७५ र ७६ | प्रश्नोत्तर सम्बन्ध |
| ७६ र ७७ | अनुक्रमबोधक सम्बन्ध |
| ७७ र ७८ | अनुक्रमबोधक सम्बन्ध |
| ७८ र ७९ | स्मरणको सम्बन्ध |
| ७९ र ८० | स्पष्टोक्ति सम्बन्ध |
| ८० र ८१ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ८१ र ८२ | अनुमानको सम्बन्ध |
| ८२ र ८३ | अप्रत्यक्ष सम्बन्ध |
| ८३ र ८४ | प्रश्नोत्तर सम्बन्ध |
| ८४ र ८५ | निहितार्थ सम्बन्ध |
| ८५ र ८६ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ८६ र द | अप्रत्यक्ष सम्बन्ध |
| द र ८७ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ८७ र ८८ | अनुमानको सम्बन्ध |
| ८८ र ध | कारणकार्य सम्बन्ध |

माथिको तालिका अनुसार वाक्य संख्या थ र ६७ मा स्मरणको सम्बन्ध रहेको छ । जहाँ पात्रले केही बेर घोरिए पछिमात्र ग्रन्थ निकाल्ने वारे स्मरण गरेको प्रसङ्ग आएको छ । वाक्य

संख्या ६७ र ६८ मा निहितार्थ सम्बन्ध रहेको छ। वाक्य संख्या ६८ र ६९, ७५ र ७६, ८३ र ८४ मा प्रश्नोत्तर सम्बन्ध रहेको छ । जहाँ पहिलो वाक्यले प्रश्न र दोस्रो वाक्यले त्यसको उत्तरलाई संकेत गरेका छन् । ६९ र ७० मा प्रभाव र प्रतिफलको सम्बन्ध रहेको छ। वाक्य संख्या ७० र ७१ मा कार्यकारण सम्बन्ध रहेको छ जहाँ अभिन्दनकार्य व्यक्तिलाई नभएर प्रवृत्तिलाई दिइने कारणको खुलासा भएको छ। वाक्य संख्या ७१ र ७२ का साथै ८८ र ध मा कारणकार्य सम्बन्ध स्थापित भएको छ । ७२ र ७३ का साथै ७४ र ७५, ७८ र ७९ मा स्मरण गरेको प्रसंगबाट स्मरणको सम्बन्ध स्थापित भएको छ। वाक्य संख्या ७३ र ७४, ७९ र ८० मा स्पष्टोक्ति सम्बन्ध रहेको छ। जहाँ अघिल्लो वाक्यलाई प्रस्ट्याउन दोस्रो वाक्य उपस्थित भएको छ। वाक्य संख्या ७६ र ७७, ७७ र ७८ मा घटनाहरूक्रमिक रूपमा विकास भएका कारण अनुक्रमबोधक सम्बन्ध रहेको छ । वाक्य संख्या ८० र ८१ का साथै ८५ र ८६, द र ८७ मा प्रभाव र प्रतिफलको सम्बन्ध रहेको छ। वाक्य संख्या ८१ र ८२ र ८७ र ८८ मा अनुमानको सम्बन्ध रहेको छ। वाक्य संख्या ८२ र ८३ साथै ८६ र द का बीचमा कुनै प्रत्यक्ष सम्बन्ध नदेखिएका कारण अप्रत्यक्ष सम्बन्ध स्थापना भएको छ । वाक्य संख्या ८४ र ८५ मा पहिलो वाक्यमा सम्पत्ति भनेकै यही समाज हो भन्ने भनाइले यो समाजबाट अरू के लिनु छ र भन्ने अर्थ निहित भएका कारण निहितार्थ सम्बन्धको स्थापना भएको छ ।

यसरी विभिन्न सम्बन्द्धनको उपस्थितिमा निबन्धले अर्थपूर्णता प्राप्त गर्नुका साथै भाषिक अन्वितिपूर्णता प्राप्त गरेको देखिन्छ ।

### ४.५ निष्कर्ष

मदनराज बरालद्वारा लिखित *'सपरिवार छोराले देश छोडेको रात'* मनोवाद सम्बन्धनहरूको प्रयोगका दृष्टिकोणबाट अन्वितिपूर्ण र उपयुक्त नै रहेको देखिन्छ । सामान्य पाठकले पनि बुझ्न सक्ने र सरल सम्प्रेषण शक्ति भएका कारण पनि रुचिपूर्णता मनोवादको विशेषता बनेको छ। युगल वाक्यहरूलाई लिएर तिनीहरूमा कस्तो अर्थगत सम्बन्ध रहेको छ भन्ने कुराको पहिचान माथिका ८ ओटा तालिकामा र विश्लेषण तालिकाको ठीक मुनि नै गरीसकिएको छ।

अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेटेका बिभिन्न सम्बन्धनहरूका कारण पनि प्रस्तुत मनोवादमा अन्तर्निहित बिचार, भाव वा विषयवस्तुलाई आपसमा शृङ्खलित र अन्वितिपूर्ण बनाई सम्प्रेषणीय बनाएको छ। समग्र मूल्याङ्कनमा प्रस्तुत निबन्ध सम्बन्धनहरूको प्रयोगका दृष्टिले उपयुक्त रहेको छ।

# अध्याय - पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत शोधपत्रमा लेखक मदनराज वरालद्वारा लिखित मनोवाद *'सपरिवार छोराले देश छोडेको रात'* को सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययन विधि प्रयोग गरी तथ्याङ्क संङ्कलन र विश्लेषण गरिएको छ । यस अध्ययनमा प्राध्यापक डाक्टर टङ्कप्रसाद न्यौपानेलाई पात्रका रूपमा प्रस्तुत गरीएको छ । यो अध्ययन सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनको खोजमा आधारित रहेको छ ।

*'सपरिवार छोराले देश छोडेको रात'* मनोवादको सङ्कथन विश्लेषणका आधारमा भन्न सकिन्छ कि यस मनोवाद सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले उपयुक्त नै छ । कुनै पनि स्थानमा असान्दर्भिक र अर्थबिहिन शब्द र वाक्यहरुको प्रयोग भएको छैन । सुबोध्य र सरल भाषाशैलीको यो मनोवाद  सङ्कथनको दृष्टिकोणमा पूर्ण देखिन्छ ।

## ५.२ निष्कर्ष

सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धन हुन् । सङ्कथन अभिव्यक्तिगत माध्यमका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन् । यी दुई आधारमा कुनै पनि पाठ, भनाइ वा लेखरचना कतिको अन्वितिपूर्ण र सम्प्रेषणीय छ भनी अध्ययन विश्लेषण गर्नु नै  सङ्कथन विश्लेषण हो ।

प्रस्तुत अध्ययन प्रध्यपक डाक्टर टङ्कप्रसाद न्यौपानेलाई पात्रका रूपमा प्रस्तुत गरी मदनराज बरालद्वारा लिखित मनोवाद *सपरिवार छोराले देश छोडेको रातको* सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा विश्लेषण गरिएको छ । सङ्कथनमा सन्दर्भ रहन्छ । सन्दर्भ भन्नाले कुनै पनि आशयमा निहित सामाजिक, आर्थिक, राजनीतिक, संज्ञानात्मक पक्ष हो । यस अध्ययनमा पनि निर्दिष्ट पाठलाई सन्दर्भपरक कोणबाट विश्लेषण गरिएको छ ।

*'सपरिवार छोराले देश छोडेको रात'* मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्दा व्याकरणिक संसक्ति अन्तर्गतका सार्वनामिक संसक्ति, स्थानिक संसक्ति, कालिक संसक्ति, संयोजक, प्रतिस्थापन, लोप, निपातका साथै कोशीय संसक्तिहरू पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, र समावेशात्मकताको प्रयोग देखिन्छ । साथै मनोवादमा प्रयुक्त सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्दा मूलतः सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध, कार्यकारण / कारणकार्य सम्बन्ध, प्रभाव र प्रतिफलको सम्बन्ध,. तुलनात्मक सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध,

स्पष्टोक्ति सम्बन्ध, परिवेश र घटनाको सम्बन्ध, घटना र परिवेशको सम्बन्ध, प्रयोजनको सम्बन्ध, अनुमानको सम्बन्ध, निहितार्थ सम्बन्ध, रीतिबोधक सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध, स्मरणको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थक सम्बन्ध जस्ता सम्बद्धनहरुको बाक्लो उपस्थिति पाइन्छ । मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता हेर्दा मनोवाद भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण नै छ । बोधगम्यता र अर्थपूर्णता समेतका आधारमा समेत पठनयोग्य र उपयुक्त छ ।

अत : प्रस्तुत मनोवाद सङ्कथन विश्लेषणको अध्ययन अर्थात् सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा अर्थपूर्ण रहेको छ ।

## ५.३ उपयोगिता

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको एउटा नवीनतम् शाखाका रूपमा विकसित भइरहेको छ । यसले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुबैको अध्ययन गर्ने हुनाले समेत यसको महत्व धेरै रहेको छ । हुन त हरेक अध्ययनको अफ्नै विशिष्ठ महत्व रहेको हुन्छ । प्रस्तुत शोधका शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) सङ्कथन भाषा शिक्षणको अपरिहार्य तत्व हो, त्यसैले प्रस्तुत शोधले भाषा शिक्षणको क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ ।

(ख) सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याई सोही अनुसार शिक्षण कार्य अघि बढाउन सहयोग पुग्छ ।

(ग) प्रस्तुत शोधले सङ्कथन विश्लेषणमा थप अनुसन्धान गर्न चाहने अनुसन्धाताहरुलाई सहयोग पुऱ्याउने छ ।

(घ) भाषा शिक्षणमा भाषिक सिपहरूको शिक्षण अखण्डित हुन्छ । सङ्कथन पनि अखण्डित भाषिक अभिव्यक्ति भएकाले भाषिक सिपलाई अखण्ड रूपमा सिकाउनका लागि सहयोग पुऱ्याउँछ ।

(ङ) भाषापाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न, शिक्षण विधिको छनोट गर्ने केही निश्चित आधार प्रस्तुत शोधबाट प्राप्त गर्न सकिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षकका क्षेत्रहरु

सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरूका लागि  निम्न लिखित आधारमा छानिएको शीर्षक उपयोगी बन्न सक्दछन् :

(क) कुनै पनि उपन्यास, कथा, निबन्ध, मनोवाद वा कुनै साहित्यिक विधाको सङ्कथन विश्लेषण,

(ख) कुनै पनि लेखको सङ्कथन विश्लेषण,

(घ) कुनै चलचित्रमा प्रयुक्त सम्बद्धनको सङ्कथन विश्लेषण आदि ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, शैलेन्द्र (२०६९) *उलार उपन्यासको सङ्कथन विश्लेषण,* काठमाडौँ : कन्दरा पब्लिकेसन ।

आचार्य, तारादेवी (२०६५), *कक्षा १० को नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद (२०६८), *सङ्कथन विश्लेषण, रत्न बृहत् सैद्धान्तिक समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ :दीक्षान्त पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६४), *चिलाउने चौरमा पलाएको मृगतृष्णा,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* काठमाडौँ : इन्टिलेक्चुअल बुक प्यालेस ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान* , काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, उर्मिला (२०६७), *मधेसतिर कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, दीपकप्रसाद (२०७०), *सङ्कथन र संसक्ति व्यवस्था,* उद्बोध (अङ्क : २), पृ. ५६-६६ ।

न्यौपाने, दीपकप्रसाद (२०७४), *'बुढासुब्बा' लोककथामा व्याकरणिक संसक्ति,* अन्वेषण (वर्ष : ७, अङ्क : ७), पृ. २१-२८ ।

पोखेल, गोकुल (२०६९), *एकान्त कथाको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरु,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा. लिं ।

बस्नेत, सुरेशकुमार (२०६७), *कक्षा ९ को अनिवार्य नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विद्यादेवी (ई. २०१६), *अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षा शास्त्र सङ्काय नेपाली शिक्षा विभाग ।

भुसाल, केशव (२०७०), *सामान्य भाषाविज्ञान,*, काठमाडौं : पाठशाला पब्लिकेसन ।

रेग्मी, धुव्र (ई. २०१५), त्यसरी बाँचेको छ : त्यसरी नै कथाको *सङ्कथन विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

# परिशिष्ट

## सपरिवार छोराले देश छाडेको रात

➢ मदनराज बराल

स्थान : काठमाडौंको मगर गाउँस्थित छोरीको घरको सुत्ने कोठा

समय : राति दश बजे

पात्र : टङ्कप्रसाद न्यौपाने

(टङ्कप्रसाद न्यौपाने ओछ्यानमा पल्टिएर निदाउन प्रयास गरिरहेका छन् । छेउमा पानीको जग र गिलास छ । बाहिरबाट घ्यार्रघुर्र गाडी कराएको आवाज मात्र आउँछ ।)

(गिलासबाट पानी खाएर बत्ती मारी ओछ्यानमा पल्टँदै) साँच्चि, केटाकेटीहरूअहिले कहाँ उडिरहेका होलान् । कति ठाउँमा  जहाज बिसाउँदै र फेर्दै कति घण्टापछि अमेरिका पुग्ने हुन् ? नातिहरूअमेरिका जान पाएकामा अहिले त खुसी नै होलान् तर त्यहाँ पुगेपछि नेपाल सम्झेर नियास्रो पो मान्ने हुन् कि ? तिनलाई हजुरबा हजुरआमाको (हाम्रो) पनि त सम्झना आउँदो हो नि । हुन त केटाकेटीका लागि जहाँ आफ्ना आमाबाबु त्यहीँ आफ्नो घर भन्ने चलन नै छ । जे भए पनि छोराले सपरिवार देश छाडिहाल्यो । अब फर्केर कहिले आउला र ? अमेरिकामा मानिसहरूज्यादै व्यस्त हुन्छन् भनिन्छ । उतैको रहनसहन, उतैका साथीसँगी, छोराबुहारीले नै पनि देश र हामीलाई सम्झिन गाह्रो छ, ठिटा नातिहरूको त झन् के कुरा भयो र ?

(एक गिलास पानी खाँदै)

जेठो छोरो र उसका परिवारप्रति मैले गरेको यो शङ्का अनावश्यक पनि हुन सक्छ किनभने दुई वर्षअघि यसै गरी सपरिवार क्यानडा गएका कान्छा छोरा र बुहारीले विदेशमा भएको कुनै भान हुन दिएका छैनन् । दिनदिनैजसो फोन, इमेल, इन्टरनेट आदिका माध्यमबाट सम्पर्क गर्छन् । सानी छोरीलाई पनि घरमा नेपाली नै बोल्न सिकाएका छन् । बुहारी पनि हामी बूढाबूढीको कति ख्याल गर्छिन् । पन्ध्र दिनअघि मात्र छोराले उतैबाट गुणस्तरीय आइप्याड पठाइदिएको थियो । त्यो यहीँ त छ । ओहो, चार्ज सकिएको थियो । ठिकै छ, भोलि बिहान चार्ज गरुँला ।

(उठ्न खोज्दै र पल्ला खाटतिर कान थाप्तै)

ए, श्रीमती त अघि नै निदाइसकिछन् पो । यता आफूलाई यत्रो छटपटी छ उनी भने ... ।

हुन त उनले सबै आडभरोसा मलाई नै ठानेर ढुक्क भएकी होलिन् नि, ठीकै छ ।

(उठेर झ्यालको पर्दा खोली बाहिर हेर्छन् र फेरि ओछ्यानमै पल्टन्छन् ।)

भएका दुईवटै छोरा सपरिवार विदेशमा, छोरी सपरिवार काठमाडौंमा अनि हामी दुई बूढाबूढी मात्रै धरानमा । (लामो सास तान्दै) कस्तो अभागी रहेछु म, जन्मेको ६ महिनामै आमा गुमाउनु, आमाको बिम्ब पनि नबन्नु, अरूले आमा भनेको सुनेर सन्तोष मान्नु । आफ्नो पौरख देखाउन नपाई बाबु अपाङ्ग हुनु अनि नातिपनाति विदेश जान पाएको हर्षको अनुभूति गर्नै नपाई बुबालाई गुमाउनु अनि यस बुढ्यौलीमा छोराछोरी नातिनातिना आदिसँग रमाउनै नपाई तिनको विदेशको बसाइँ सराइलाई टुलुटुलु हेर्दै स्वीकार्न बाध्य हुनु । छोराछोरी जन्मायो, बढायो,पढायो, विदेश पठायो अनि बुढ्यौलीमा आफू चाहिँ एक्लै । धिक्कार छ जिन्दगीलाई , ( जुरुक्क उठी ओछ्यानमा बसेर सम्झँदै) हुन त यस कुरालाई नकारात्मक रूपमा मात्रै पनि हेर्नु हुँदैन । सानैमा आमा गुमाएर विकलाङ्ग बाबुको छत्रछाया र शुभचिन्तकहरूका अशीर्वादको फलस्वरूप बढे पढेर यतिको उच्च स्थानमा पुगेको म र मेरो परिवार निम्नवर्गीय हो । हाम्रा लागि अमेरिका, क्यानाडा जस्ता विकसित देशको भ्रमण, अझ बसोबास काबुबाहिरको कुरा हो । धेरैका लागि त्यो सपना मात्रै हो तर, मेरा शाखासन्तान तिनै विकसित देशमा स्थायी दीर्घकालीन बसोबासका लागि जाँदैछन् भने मैले जिन्दगीप्रति धिक्कार होइन, आभार प्रकट गर्नुपर्ने हुन्छ । उनीहरूत्यहाँ भएपछि हाम्रा लागि पनि त्यहाँ जाने बाटो खुला हुन सक्छ । सपनाको देश डुल्न पाइन्छ । अनि त बुढ्यौलीमा अलिकति भए पनि हाँसो थपिन्छ कि ? (एक गिलास पानी खाएर फेरि ओछ्यानमा पल्टन्छन् ।)

जिन्दगीमा सबै कुराले पुगिसरी कसको पो हुन्छ र ? म आमाबाबुको माया पाउन र घरको आर्थिक व्यवस्थापन गर्न अलिकति चुकेको भए पनि कर्म गरेर भाग्य चम्काउनेहरूमध्येमै पर्छु । शिक्षण पेसाको उच्चतम प्रतिष्ठा मानिने प्राध्यपक डाक्टरको सम्मान मलाई प्राप्त छ । नेपाली भाषा र भाषाविज्ञानका क्षेत्रमा मेरो नाम धेरैले आदरपूर्वक नै लिन्छन् । मैले लेखेका र बोलेका कुराहरूले देशमै बहस निम्त्याउँछन् । मैले पढाएका विद्यार्थीहरूदेशविदेशमा नाम र दाम कमाएर बसेका छन् । राष्ट्रपति नै कुनै समयकी मेरै विद्यार्थी हुन् । मेरो भाषासेवी व्यक्तित्वको कदर गर्दै विभिन्न व्यक्ति तथा सङ्घ संस्थाहरूले सम्मानित तथा पुरस्कृत गरेको छन् । आहारविहार तथा घरायसी केही कुराहरूसँग जोडिएका केही कमजोरीहरूलाई हेरेर स्थानीय स्तरमा मेरो आलोचना पनि हुन्छ । त्यसलाई म स्वाभाविक पनि मान्छु तर मेरा धेरै विद्यार्थीहरूले मेरो शिक्षणको

प्रशंसा गरेको देख्ता म खुसी पनि हुन्छु । हुन त मैले शिक्षणमा जानाजान र भ्याई नभ्याई पनि नपढाएर ठग्ने काम गरिनँ । प्राध्यापक भएपछि नपढाउने धेरै साथीहरूछन् तर, मैले कहिल्यै प्राध्यापक हुनुको अहम पालिनँ । आफ्ना विद्यार्थीका समस्याका समाधानमा जुट्ता नै मलाई आनन्द आउँछ । विद्यार्थीहरूप्रतिको यही सहयोगी भावना नै देशदेशावरमा रहेका मेरा विद्यार्थीहरूले सम्झिने कारण हो भन्नुमा मलाई अत्युक्ति भएजस्तो लाग्दैन । ( खुइ...य गर्छन्, मोबाइल फोन बालेर पल्ला खाटतिर हेर्छन् । श्रीमती निदाइरहेकै हुन्छिन् ।)

मप्रति सद्भाव राख्ने आलोचकहरूले मलाई त्रि.वि.मा रेक्टर, रजिष्टार, कुलपति हुने मान्छे, धरान इटहरी हल्लिएर जिन्दगी बितायो पनि भन्छन् । प्रजातन्त्रका प्राप्तिका लागि पूर्वप्रधानमन्त्री स्व. कृष्णप्रसाद भट्टराईसँग जेल बसेको साथै भैरहवा, भोजपुर, गोरखा, धनकुटा, धरान, इटहरीलगायत ठाउँका क्याम्पसहरूमा प्राध्यापन र प्रशासनको अनुभव बटुलेका मेरा बारेमा तिनैले त्यति सोचिदिनु अस्वाभाविक पनि होइन । उस्तै परे त्यति मात्र नभएर म सांसद वा मन्त्री नै पनि हुन सक्थेँ होला तर प्राध्यापनमा पाएको आत्मसन्तुष्टि र शुभचिन्तकहरूको सद्भाव पाउने थिइनँ होला । धेरै पैसा कमाउन वा कमाएको पैसाको सदुपयोग गरेर सुखी हुनमा कतै चुके पनि शिक्षणका क्षेत्रमा दशकौँ उही रूपमा लागिरहन सक्नु र सबैको सद्भाव पाउनु नै मेरो जीवनको सबै थोक हो । जीवन भनेको कुनै निश्चित गन्तव्य नभएर निरन्तरको यात्रा हो । यही यात्राले मानिसलाई विकासको पथतिर लैजान्छ । भोलि म र मेरा सन्ततिका थप विकासका लागि छोराका परिवारको आजको यात्रा सहयोगी हुन्छ । त्यसैले मैले वसुधैव कुटुम्बकम् भन्ने ठानी यसमा अब खुसी हुनुपर्छ ।

(अर्कापट्टि पल्टिँदै) महेन्द्र क्याम्पस धरानबाट आउने नियमित पेन्सन तथा जनता बहुमुखी क्याम्पस इटहरीबाट आउने तलबको सदुपयोग गरी सकेसम्म बूढाबूढी रमाएर सन्ततिहरूलाई आशीर्वाद दिई उत्तरोत्तर प्रगतिको कामना गर्नुपर्छ मैले । बचेको समय भाषा तथा साहित्य र समाजका सेवामा लगाउनु पर्ने छ । आफ्ना केही पुस्तकहरूको पुनर्लेखन तथा पुनर्मुद्रण गर्नुपर्ने छ । अस्ति क्यानाडाबाट फोन गरेर छोरो सम्मानस्वरूप पाएका प्रमाणपत्र/कदरपत्र चिनो आदिलाई जतन गरी राख्नुहोला, पछि हाम्रा लागि ती गौरव हुनेछन् भन्दै थियो । तिनको संरक्षण पनि गर्नुपर्ने छ । म जस्ता मान्छेले हङकङ, बङ्गलादेश, भारतका विभिन्न सहरहरूमा डुल्न पाउनु पनि गौरवको कुरा हो । अब उस्तै परे क्यनानाडा र अमेरिका पनि डुल्न पाइएला । उतै स्थायी रूपमा त बस्न नसकिएला तर डुलेर आई यहाँ साथीसँगी र विद्यार्थीहरूलाई उताका अनुभव सुनाउँदा कति आनन्द

होला । आखिर जिन्दगी जिउन जाने जित हो नि । मेरा प्राज्ञिक पाटाबाट त जिन्दगी जितमा बदलिएको छ । मैले जिन्दगीको एउटा यात्रा सफलतापूर्वक पूरा गरेँ । अब बाँकी यात्रा के कस्तो हुन्छ हेर्दै जाऊँ ।

(केही बेर घोरिएर) अँ साँच्चि, मेरो अभिनन्दन ग्रन्थ निकाल्ने अरे । आफ्नो प्रशंसा कसले रुचाउँदैन र ? देवता त पूजा खोज्दछन् तर खै किन हो मलाई यो अलिक बढी भयो कि जस्तो लागेको छ । सङ्खुवासभामा मजस्तै दुखिया साहित्यकार अनिल पौडेलले यो कुरा सुनाउँदा मैले नगरौँ पनि भनेको थिएँ । उहाँले यो तपाईं व्यक्तिलाई नभएर प्रवृत्तिलाई हो र यो सुरुवात मात्र हो भन्नु भएको थियो । म चुप लागेँ त्यस बेला । अहिले पनि सम्झन्छु : अखिर मैले गरेँ नै के र ? हो, म यस अवस्थामा आइपुग्न वर्गीय धरातलले दिँदैनथ्यो तर समाजले मलाई यसरी नै माया दिएकाले आइपुगेको हुँ । मैले देश र जनतालाई खासै के पो दिएको छु र ? परिस्थितिले आई.जी., मन्त्री, राष्ट्रपति सम्मलाई पढाउने सौभाग्य पाएँ । फट्टफुट्ट लेखेँ, यही न हो । यी सबै काम जागिरका सिलसिला हुन् । अँ, केही नयाँ विचार चाहिँ पोखेको छु तर तिनीहरूको खासै असर चाहिँ परेको छैन तैपनि नागरिक अभिनन्दन गर्छन् अरे । मैले यसलाई मेरो अभिनन्दन नभएर भाषासाहित्यका सबै सेवकहरूको अभिनन्दन ठानेको छु । जे गरुन्, आफू यता जा भन्दा यतै जाने, त्यता जा भन्दा त्यतै जाने । यसबाट अरूलाई पनि प्रेरण हुन्छ होला । मेरो चलअचल सम्पत्ति भन्नु पो के छ र ? मेरो सम्पत्ति भनेकै यही समाज हो । समाजले मलाई यहाँभन्दा के देओस् त ? त्यसैले ठीकै पनि छ । (घडी हेर्दै ।) ओहो, एक बज्न पो आँटेछ । भोलि बिहानै छोरीज्वाइँ र नानीहरूसँग पशुपतिनाथको दर्शन गर्न जाने भनेको अबेरसम्म निदाइएला नि फेरि । (लामो सास तानेर निदाउने बल गर्छन् ।)